
# लेखापरीक्षण प्रतिवेदन

# लेकम गाउँपालिका, दार्चुला

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## लेकम गाउँपालिका, दार्चुला

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/422

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदूरपश्चिम प्रदेश

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
लेकम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
दार्चुला।

**कैफियतसहितको राय**

हामीले यस लेकम गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचितकोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचितको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रु.७ करोड ७८ लाख ७४ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू.१ लाख ५५ हजार र प्रशासकीय भवनको रू.३२ लाख समेत गरी रु.८ करोड १२ लाख २९ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.१ अर्ब ६ करोड २१ लाख ३२ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ३७ लाख ५९ हजार ( २.२३ प्रतिशत ) बेरुजू देखिएको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि प्रतिक्रियाबाट रू.७ लाख २५ हजार बेरूजु फछ्र्यौट भई रू.२ करोड ३० लाख ३३ हजार बाँकी रहेको छ । उक्त बाँकी वेरुजु मध्ये असुल गर्नुपर्ने रू.३ लाख ४६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ३ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु.९४ लाख ४६ हजार र पेस्की बाँकी रु.२८ लाख ४५ हजार रहेको

छ। गत वर्षसम्म रु.५ करोड २६ लाख ४१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ७ करोड ५६ लाख ७४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामावित्तीय विवरण तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षण प्रतिवेदनमा स्रोत साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार राजस्व असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास- निर्माण र सेवा प्रवाहमा असर परेको, विभिन्न शीर्षकमा प्रदान गरिएको अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँकार्यपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोबारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमि | | |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम |
| ७६ | ७३ | २,३७,५९,३०२ | ० | १ | ७,२५,४५२ | ० | ७६ | ७२ | २,३०,३३,८५० | ३,४६,३७५ | ९४,४५,६४२ | १,०३,९६,४७९ | |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्चुला | ५,२६,४१,००० | ० | ० | ५,२६,४१,००० | ० | २,३०,३३,८५० | ७,५६,७४,८५० |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ६६ | मसलन्द तथा विविध तर्फ | ७,२५,४५२ |
| जम्मा | | | | ७,२५,४५२ |

# (८०७७३५०६३०० - लेकम गाउँपालिका, दार्चुला )

## परिचय

१ **परियच**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा, १८३.४ वर्ग किलोमिटर क्षेत्रफल तथा १३७४३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२० देखि २०८०।०५।२२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा पालिकाले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - आय - व्ययतर्फ गरी जम्मा रु.१ अर्ब ६ करोड २१ लाख ३२ हजार २९६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|
| | नगद | जम्मा | नगद | जम्मा |
| राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| कर | ६,०८,२०,०५०.३७ | ६,०८,२०,०५०.३७ | ६,१८,४५,९६५.१५ | ६,१८,४५,९६५.१५ |
| अनुदान | ३३,५६,६५,९३३.०९ | ३३,५६,६५,९३३.०९ | ३४,३५,५५,४७३.९१ | ३४,३५,५५,४७३.९१ |
| अन्य राजस्व | १८,५३,३९९.०४ | १८,५३,३९९.०४ | २,९३,०१२.०० | २,९३,०१२.०० |
| विविध प्राप्ति | ५८,५६९.०० | ५८,५६९.०० | ० | ० |
| **कुल जम्मा प्राप्ति** | ३९,८३,९७,९५१.५० | ३९,८३,९७,९५१.५० | ४०,५६,९४,४५१.०६ | ४०,५६,९४,४५१.०६ |
| चालु | ३२,३४,७७,९७०.९४ | ३२,३४,७७,९७०.९४ | ३१,८८,३८,४२६.७४ | ३१,८८,३८,४२६.७४ |
| पारिश्रमिक / सुविधा | २१,७५,०२,७०९.०४ | २१,७५,०२,७०९.०४ | २०,९८,०७,१९५.०० | २०,९८,०७,१९५.०० |
| मालसामान तथा सेवाको उपयोग | १०,२८,४६,८२०.९० | १०,२८,४६,८२०.९० | १०,५८,५६,०२२.७४ | १०,५८,५६,०२२.७४ |
| सहायता (Subsidy) | २४,००,०००.०० | २४,००,०००.०० | ० | ० |
| सामाजिक सुरक्षा | ४,३९,२००.०० | ४,३९,२००.०० | ३१,५१,०००.०० | ३१,५१,०००.०० |
| अन्य खर्च | २,८९,२४१.०० | २,८९,२४१.०० | २४,२०९.०० | २४,२०९.०० |
| पूंजीगत | १०,३४,१२,१९२.०० | १०,३४,१२,१९२.०० | १०,०४,९८,१०१.०० | १०,०४,९८,१०१.०० |
| भवन तथा संरचना | १,९९,६८,०६३.०० | १,९९,६८,०६३.०० | १,१९,५१,६९५.०० | १,१९,५१,६९५.०० |
| सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २७,८७,९५८.०० | २७,८७,९५८.०० | १,२८,४०,२७७.०० | १,२८,४०,२७७.०० |
| अन्य पूँजीगत खर्च | ९९,७७९.०० | ९९,७७९.०० | १७,८५,१७४.०० | १७,८५,१७४.०० |
| सुरक्षा उपकरण | ५०,०००.०० | ५०,०००.०० | १३,००,०००.०० | १३,००,०००.०० |
| सार्वजनिक निर्माण | ७,८९,४६,८४४.०० | ७,८९,४६,८४४.०० | ७,२०,३५,०७३.०० | ७,२०,३५,०७३.०० |
| निर्मितसरचनाको सुधार खर्च | ६,९२,५३०.०० | ६,९२,५३०.०० | ९९,९८२.०० | ९९,९८२.०० |
| पूँजीगत सुधार खर्च | ८,६७,०१८.०० | ८,६७,०१८.०० | ४,८५,९००.०० | ४,८५,९००.०० |
| **कुल जम्मा भुक्तानी** | ४२,६८,९०,१६२.९४ | ४२,६८,९०,१६२.९४ | ४१,९३,३६,५२७.७४ | ४१,९३,३६,५२७.७४ |
| **बचत /कमी (ग = क-ख )** | (२,८४,९२,२११.४४) | (२,८४,९२,२११.४४) | (१,३६,४२,०७६.६८) | (१,३६,४२,०७६.६८) |
| **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | ४०,७४,८४५.९८ | ४०,७४,८४५.९८ | ३,७०,८०१.०० | ३,७०,८०१.०० |
| **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाँकी** | | | | |
| **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | (२,४४,१७,३६५.४६) | (२,४४,१७,३६५.४६) | (१,३२,७१,२७५.६८) | (१,३२,७१,२७५.६८) |
| **गत आ.व.को नगद** | ४,६५,७७,५९१.३४ | ४,६५,७७,५९१.३४ | ५,९८,४८,८६७.०२ | ५,९८,४८,८६७.०२ |

| | | | | |
|---|---|---|---|---|
| तथा बैंक मोज्दात | | | | |
| विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | |
| आ.व. अन्तको बाँकी नगद तथा बैंक मोज्दात ( ज= ङ+च+छ) | २,२१,६०,२२५.८८ | २,२१,६०,२२५.८८ | ४,६५,७७,५९१.३४ | ४,६५,७७,५९१.३४ |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु७७८७४०००., स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१५५०००.०० र प्रशासकीय भवनको लागि रु.३२००००००.०० समेत ८१२२९०००.०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. ८१२२९०००.०० र यस वर्षको भुक्तानी रु. ८१२२९०००.०० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मोज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ४६५७७५९१.३४ | ४३७६२८४६५.३९ | ४६२०४५८३०.८५ | २२१६०२२५.८८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४६५७७५९१.३४ | ५१८८५७४६५.३९ | ५४३२७४८३०.८५ | २२१६०२२५.८८ |
| फरक | ० | ८१२२९०००.०० | ८१२२९०००.०० | ० |

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ता अनुसार मोज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मोज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ८९००५७८.९० | ८९००५७८.९० | ० |
| विविध खर्च खाता | २९५३११५.९८ | २९५३११५.९८ | ० |
| विपद व्यवस्थापन खाता | ६९३८०.०० | ६९३८०.०० | ० |
| स्थानीय तह धरौटी | १०२३७१५१.०० | १०२३७१५१.०० | ० |
| **जम्मा** | २२१६०२२५.८८ | २२१६०२२५.८८ | ० |

३ **क्षेत्रगत बजेट र खर्चको स्थिति:**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | १५०६०००० .०० | १३९३८७९९.३५ | ३.२५ |
| २ | पूर्वाधार विकास | ९७३३३६२५.०० | ६७१३०५७०.७४ | १५.७२ |
| ३ | सामाजिक विकास | २६७३४८५०१ | २३०१६९५५७.७४ | ५३.९१ |
| ५ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १०७५३४००.०० | १०२६४११८.०० | २.४० |
| ६ | कार्यालय संचालन तथा प्रशासनिक | ११७५८३५८०.५६ | १०५३८७११७.८५ | २४.१८ |
| जम्मा | | ५०८०७९१०६.५६ | ४२६८९०१६३.६८ | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५३.९१ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा २.४० प्रतिशत रहेको छ ।

४ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।७ मा रु.४८ करोड ९७ लाख ५७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेको समयभित्रै अख्तियारी प्रदान गर्ने व्यवस्था गर्नुपर्दछ।

६ **खर्च बिश्लेषण**

पालिकाले गत वर्षको जिम्मेवारीबाट रु.४६५७७५९१.३४, यसबर्ष कुल आन्तरिक आयबाट रु.२२८३०९१.००,राजस्व बाँडफाँडबाट रु.६०४४८९२७.४१,संघीय सरकार अनुदानबाट रु.३१३४७३४२७.०९ प्रदेश सरकार अनुदानबाट रु.२२१९२५०६.०० तथा सशर्त अनुदान रु. ८१२२९००० समेत रु. ५२६२०४५४२.८४ आम्दानी भएकोमा चालु तर्फ रु.३२३४७७९७०.९४ र पुँजीगत तर्फ रु. १०३४१२१९२.०० समेत रु. ४२६८९०१६२.९४ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५३ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.६१२४५००.०० खर्च भएको छ जुन आन्तरिक आयको २६८.२५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.७८ प्रतिशत चालु र २४.२२ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च

गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## ७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष मित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा पालिकालेल साउन १५ मात्र ट्रान्सफर गरेको छ ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

• कतिपय सड़क तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।

• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय | प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन | लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।

• पालिकाले चल अचल सम्पति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पतिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ८ आन्तरिक लेखापरीक्षण

८.१ स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ। आन्तरिक लेखापरीक्षणमा औंल्याएको व्यहोरा पालिकाबाट फर्छ्र्यौटको कारबाही गरी फरफारक गर्नु पर्नेमा लेखापरीक्षण अवधिसम्म फर्छयौट गरेको छैन । तसर्थ तोकिए बमोजिम आर्थिक

कारोबारको आन्तरिक लेखापरीक्षणमा देखिएका व्यहोरा उपर कारबाही गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

८.२ आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोराहरु - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्त्व ऐन २०७६ को दफा ३४ मा कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ३३ (८) मा आन्तरीक लेखापरीक्षण प्रतिबेदनमा समाबेश भएका ब्यहोरा अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै फछ्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यबस्था छ । कार्यालयले ऐनको सो व्यवस्था अन्तर्गत अन्तिम लेखापरीक्षण अघि आन्तरिक लेखापरिक्षणबाट औल्याइएका वेरुजू फछ्यौट नगरेकोले प्रारम्भिक प्रतिवदेनमा समावेश गरिएको छ । जुन व्यहोराहरु निम्नानुसार छन् ।

| क स | अलेप प्रतिवेदन दफा नं | | रकम |
|---|---|---|---|
| १ | २० | श्री तमैराज नि.मा.बि झलाति मा कार्यरत स्थायी प्रा.बि द्धितीय श्रेणी शिक्षक ( शि.स.नं. १३०६०६) ईश्वरी अवस्थी लेकम गा.पा को शैक्षिक बर्ष २०८० को शिक्षक तलबि प्रतिबेदन अनुसार हुनु पर्ने कुल ग्रेड संख्या- ०७ तर तलबि सिट अनुसार भुक्तानि भएको ग्रेड संख्या -८ भएकोले तेस्रो त्रैमासिक सम्मको (२०८०श्रावण - २०८० चैत्र) सम्म बढी भुक्तानी असुल हुनुपर्ने रकम। | १२७३८ |
| २ | २६ | सु.प.प्र ००१ ज ११८४ नं को गाडि ५ दिन रु.१०,००० का दरले भाडामा लिए वाफत गणेश सिहं धामी लाई करकट्टी सहित भरपाई गरिएको रकम ४५,००० देखिन्छ तर भुक्तानी रकम ८५५०० रहेकोले बढी भुक्तानी असुल हुनुपर्ने रकम । | ४०५०० |
| ३ | २७ | शिक्षा शाखाको स्थानीय पाठ्यपुस्तक छपाईको अघिल्लो बर्षको भुक्तानि बाकिरकम सम्बन्धित फर्मको नाममा भुक्तानिहुनु पर्नेमा ब्याक्तिगत नाममा भुक्तानि भएको छ । सरकारी कारोवारको रकम सम्बन्धित फर्मके नाममा भुक्तानि हुने कानुनि प्रावधानको कार्यान्वयनमा ध्यान दिनु पर्दछ । | ११३३७३ |
| ४ | २८ | उपभोक्ता समितिका पदाधिकारीहरुलाइ अभिमुखिकरण तालिममा शेखर चन्द्र ओझाको नाममा भुक्तानि भएको रकम २,४६,००० रकममा उक्त तालिममा प्रशिक्षकहरुले समाबेश गरिएको अभिमुखिकरण बिषयबस्तु (Tranning Content) समाबेश गर्नुपर्ने । | २४३००० |
| ५ | २९ | पञ्जिकरण पुर्नताजकिकरण दुई दिने तालिम प्रकाश राज बिष्ट को नाममा भुक्तानि भएको ८७,३०० रकममासेसन प्रस्तुतिकरण बिषयबस्तु पेश गर्नु पर्ने । | ६७३०० |
| ६ | ३० | प्राविधिक शाखा अनुगमन खर्च भुक्तानि रकममा केशब बहादुर पाल को स्वीकृत भ्रमण आदेश मिति २०८०।०८।१५ देखि २०८०।०८।२१ र २०८०।०९।०९ देखि २०८०।०९।१५ सम्मको काजमा हाजिरी पुस्तिकामा हाजिरि देखिन्छ । सो अवधिको भुक्तानि असुल हुनुपर्ने रकम । | १७०७८ |
| ८ | ३१ | एकल पुरुष भत्ता (बिदुर भत्ता) वितरण वाफतको भरपाई वाकि कुल रकम। | ४३९२०० |
| | | | ९३३१८९ |

| प्रमाण पेश नगरेको | ९,३३,१८९ |
|---|---|

## ९ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रकम रु.हजारमा | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| पुँजीगत खर्चतर्फ | १०३४१२ | ८४८२ | ९९७० | ११२८९ | ७३६७१ | ५२७३६ |
| प्रतिशत | | ८.२० | ९.६४ | १०.९२ | ७१.२४ | ५१.०० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.,निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.८४ लाख ८२ हजार अर्थात २८.२० प्रतिशत, दोश्रो त्रैमासिकमा रु.९९ लाख ७० हजार , अर्थात ९.६४ प्रतिशत र तेश्रो त्रैमासिकमा रु. १ करोड १२ लाख ८९ हजार , अर्थात १०.९२ प्रतिशत र चौथो त्रैमासिकमा रु. ७ करोड ३६ लाख ७१ हजार अर्थात ७१.२४ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्ररु. ५ करोड २७ लाख ३६ हजार अर्थात ५१.०० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ।

## १० **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०/८१ मा निम्नअनुसार ५ वडाको लागि १४२ वडागत र पालिकास्तरका २७ समेत कुल १६९ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाख माथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५ लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिका स्तरीय | २७ | ३ | ५ | १९ |
| २. | वडा स्तरीय | १४२ | ० | १ | १४१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित १६९ योजना मध्ये १४७ योजनामात्र कार्यान्वियन भई २२ योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## ११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

## १२ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने

व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.५०४२०००.०० अबण्डा बजेट व्यवस्था गरी १० वटा योजनामा खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१३ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको रु. ३७३९२७९०.३४ बजेट व्यवस्था गरी रु. ३७३९२७९०.३४ भुक्तानी दिएको छ। पालिकाले गत वर्षको भुक्तानी दिन बाँकी रहेका मध्ये खानेपानी योजना, प्रस्तुतिगृह निर्माण लेकम १ योजना लगायतका योजनाहरु उदाहरणका रुपमा रहेका छन्।

१४ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २४० व्यक्तिहरुलाई रु. १६९१०४६ आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २२८३०९१ को ७४,०६ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१५ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, ३ वटा नियमावली, ४० कार्यविधि निर्देशिका लगायत ४८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले ४८ कानूनहरु निर्माण गरी सभाबाट स्वीकृत गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याएको छ ।

१६ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन यो बर्ष १ दर्ता भएकोमा १ वटा मात्र फछ्र्यौट भएको देखिन्छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१७ **आन्तरिक आयः**

१७.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३३५६६५९३३.०९ | २२८३०९१.०० | ०.६८ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६८ प्रतिशत मात्र रहेको छ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१७.२

कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुलीप्रतिशत |
|---|---|---|---|
| बाँडफाँटबाट प्राप्त हुने सवारी कर | ९६१०००.०० | ८९६५२४.८५ | ९३.२९ |
| बाँडफाँटबाट प्राप्त हुने मुल्य अभिवृद्धिकर | ७०१३८४००.०० | ४०७८००५१.०० | ५८.१४ |
| बाँडफाँटबाट प्राप्त हुने अन्तशुल्क | ० | १८६९१६८५.३२ | - |
| बाँडफाँटबाट प्राप्त हुने वन रोयल्टी | २६२४२.०२ | ५२९८४.०४ | २०१.९० |
| घरजगगा रजिष्ट्रशन दस्तुर | २७६८२.२० | २७६८२.२० | १०० |
| सम्पतीकर | ०.० | ११३९१०.०० | - |
| भुमिकर/ मालपोत | ६०००००.०० | १९५४९५.०० | ३२.५८ |
| वहालकर | ४०००००.०० | ११४४०१.०० | २८.६० |
| व्यवसायीले भुक्तानी गर्ने | ० | ३००.०`० | - |
| कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | १ | ० |
| अन्य कर | ४०००००.०० | ० | ० |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ९४२४२.०० | २१.३३ |
| अन्यसेवा शुल्क तथा बिक्री | ० | १००००.०० | - |
| पर्यटनशुल्क | ० | ० | ० |
| न्यायिकदस्तूर | ० | १५००.०० | - |
| शिक्षा क्षेत्रको आम्दानी | ० | १२२००.०० | - |
| परीक्षा शुल्क | ० | १४५००.०० | - |
| अन्य प्रशासनिक सेवा शुल्क | ० | १७५०.०० | - |
| सिफारिश दस्तुर | ७०००००.०० | १८४३५०.०० | २६.३३ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | १०६२००.०० | ५३.१ |
| नाता प्रमाणित दस्तुर | ० | १७०००.०० | - |
| अन्य दस्तुर | ० | २५८००.०० | - |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ५६८००.०० | - |
| जलश्रोत म्वन्धित अन्यदस्तुर | ० | १०००.०० | - |
| न्यायिकदण्ड, जरिवाना र जफत | ० | ८०८१२८.०० | - |
| अन्य राजस्व | ० | ४६६२४५.०० | - |
| व्यवसाय कर | ० | ५००.०० | - |
| बेरूजू | ३०००००.०० | ५१६६९.०० | १७.२२ |
| जम्मा | ७३७५३३२४.२२ | ६२७२४९१८.४१ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

१७.३ **आय अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२६ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. २२८३०९१.०० अर्थात अनुमान भन्दा १२.४७ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१७.४ **राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही नियम अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिका अन्तर्गत ५ वटा वडा पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छ ।

| वडा नं. | कुल संकलित रकम | बैंकमा जम्मा भएको रकम | दाखिला हुन बाँकी रकम |
|---|---|---|---|
| पालिका | १६११२६१.०० | १६११२६१.०० | ० |
| १ | ११२९५८.०० | ११२९५८.०० | ० |
| २ | ७३०२०.०० | ७३०२०.०० | ० |
| ३ | ९०९८७.०० | २४०५२७.०० | ० |
| ४ | ८८७४१.०० | ८८७४१.०० | ० |
| ५ | १९१४३४.०० | १९१४३४.०० | ० |
| ६ | ११४६९०.०० | ११४६९०.०० | |
| जम्मा | २२८३०९१.०० | २२८३०९१.०० | ० |

१८ **पेश्की बाकीः**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ नियम ४७ तथा सार्बजनिक खरिद नियमावलि २०६४ को नियम ११३ मा पेश्की दिने र फछ्यौट गर्ने व्यवस्था छ । आर्थिक वर्षसम्मको अन्त्यसम्म पनि म्याद नाघेको पेश्की फछ्यौटको विवरण देहायअनुसार छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस आ. ब को अन्त सम्म म्याद नाघि फस्र्योट नभई बाकि रहेको पेश्की रकम नियमानुसार फस्र्योट हुनुपर्ने रु

| क्रस | पश्की पाउने | कार्यक्रम/योजना | पेश्की रकम |
|---|---|---|---|
| १ | दिलेन्द्र प्रसाद पन्द | सार्वजनिक खरिद तथा आन्तरिक सुशासन सम्वन्धी तालिम | ३२५००० |
| २ | ए,के,निर्माण सेवा | गोकुलेश्वर लालि सडक खण्ड | ८०११९५ |
| ३ | बालिचन आयल स्टोर | इन्धन स्काभेटर | ९९१५९ |
| ४ | मालिकार्जुन सामुदायिक संस्था | सार्वजनिक सुनवाई | १२०००० |
| ५ | बालिचन आयल स्टोर | इन्धन सानो जे,सि,वि, | १५००००० |
| | जम्मा | | २८४५३४५ |

| | |
|---|---|
| पेश्की | २८,४५,३५४ |

### १९ विपद व्यवस्थापन कोष

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष विपद ब्यवस्थापनवाट कोषवाट विभिन्न २४० व्यक्तिहरुलाई रु. १२००००० आर्थिक सहायता वितरण गरेको छ । पालिकाले सम्बन्धित लाभग्राहीको खातामा नदिई वडा सचिवलाई भुक्तानी दिई ल्याप्चे हस्ताक्षर भर्पाई पेश भएको देखिन्छ। यसरी आर्थिक सहयोग गर्दा वास्तविक लाभग्राही सम्म लाभ नपुग्न सक्ने सम्भावना हुन सक्छ।सो बैंकीङ्ग प्रणाली मार्फत सहयोग वितरण गर्नुपर्दछ।

### २० कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु.७२,५४,७४१ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन साथै कार्यबोझको आधारमा O&M गरी कानुन बमोजिम पारदर्शि हिसावले मात्र कर्मचारी नियुक्ति गर्नुपर्ने सो वेगर कर्मचारी करारमा नियुक्ती गरी खर्च लेखेको देखियो ।

| पद | नियुक्ति संख्या | तलब भत्ता रु |
|---|---|---|
| अ. स. ईन्जिनियर | ३ | १२८३१७८ |
| खा.पा.से.टे. | १ | ३५८९५६ |
| अ.हे.ब. | ४ | १२५६८४० |
| अ.न.मी. | ८ | २५१३६८० |
| ल्या.टे. | १ | ३३१५०० |
| ल्या.अ. | ३ | ९४२६३० |
| कृषि अधिकृत | १ | ५६७९५७ |
| जम्मा | | ७२५४७४१ |

### २१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सहायक प्रा.स., स. इन्जीनियर, सहित ७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत

कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२२ **तलवी प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गत कर्मचारीहरुको बार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट र निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने ब्यवस्था रहेको छ । यस बर्ष पालिकाका कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलव भत्तामा खर्च रु १,८३,८९,८९५ गरेको छ । यसरी तलवी प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । कानुनी व्यवस्था अनुसार तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुर्दछ।

२३ **दरबन्दी भन्दा बढी कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी भन्दा बढी देहायका पदमा निम्नानुसार कर्मचारी नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो। दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलव्धिमा समेत नकारात्मक असर पर्दछ । स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु

| **पदको नाम** | **स्वीकृत दरवन्दी** | **पदपूर्ति (स्थायी र करार)** | **दरबन्दी भन्दा बढी पदपूर्ति** | **तलव भत्ता भुक्तानी** |
|---|---|---|---|---|
| खा.पा.से.टे. | १ | २ | १ | ३५८९५६ |
| अ.हे.ब. | ४ | ८ | ४ | १२५६८४० |
| अ.न.मी. | ४ | १० | ६ | १८८५२६० |
| | | | | ३५०१०५६ |

| | |
|---|---|
| अनियमित भएको | ३५,०१,०५६ |

२४ **स्वकीयसचिव**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा स्थानीयतहका अध्यक्ष तथा उपाध्यक्षले स्वकीयसचिव तथा सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । कानुनले ब्यबस्था गरेको भन्दा भिन्न तरिकाले स्वकीय सचिवका रुपमा नियुक्ती रु ५४६००० खर्च गरेको नियमसम्मत नदेखिएको रु

| नाम | पद | तलब |
|---|---|---|
| आम्बादत्त अवस्थी | स्वकीय सचिव | ३१२००० |
| पुष्पराज जोशी | स्वकीय सचिव | २३४००० |
| | | ५४६००० |

| | |
|---|---|
| अनियमित भएको | ५,४६,००० |

२५ **पदाधिकारि सेवासुबिधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यलको सुबिधा सम्बन्धी ऐन २०७५ अनुसार पदाधिकारी तथा सदस्यले पाउने सुबिधाको ब्यबस्था गरेको छ । पालिकाले पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु ६३,८८,८२० खर्च लेखेको देखिन्छ।

पदाधिकारी सुविधा– स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ३ मा स्थानिय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धीत सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ । पालिकाले यो बर्ष पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु. ६३,८८,८२० खर्च लेखेको देखिन्छ। उक्त खर्च पालिकाको यो बर्षको आन्तरिक आय रु २२,८३,०९१ को तुलनामा २७९.८३ प्रतिशत रहेको देखिन्छ । उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजस्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।

२६ **समिति बाहेक अन्यलाई भत्ता भुक्तानी**

नेपालको संविधानको धारा २१७(१) बमोजिम न्यायिक समितिमा ३ जना सदस्य रहने व्यवस्था छ ।पालिकाले समितिमा नरहेको देहायको कर्मचारीलाई न्यायिक समितिको बैठक भत्ता वापत रु. २२९५०। भुक्तानी गरेको छ । कानून विपरीत भुक्तानी भएको भत्ता सम्बन्धितबाट असूल हुनुपर्ने रु

| कर्मचारीको नाम | पद | बैठक संख्या | दर | भुक्तानी रकम |
|---|---|---|---|---|
| ईश्वर प्रसाद पन्त | उजुरी प्रशासक | ९ | १००० | ७६५० |
| अर्जुन सुवेदी | प्रप्रअ | २ | १००० | १७०० |
| कोमल सिंह खत्री | लेखापाल | ४ | १००० | ३४०० |
| मनोज सिंह धामी | आलेप | ३ | १००० | २५५० |
| रामसिंह कुवर | कास | २ | १००० | १७०० |
| बासुदेव पाठक | कास | ७ | १००० | ५९५० |
| | | | | २२९५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,९५० |

२७ **सभाको स्वीकृत वेगर गत बर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र आन्तरिक लेखापरीक्षकबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले चालु आ व को विनियोजन बजेटवाट तथा गाउँसभामा गत वर्षको भुक्तानी पेश नगरी चालु शिर्षक जेसिवी अपरेटरवाट प्रोत्साहन भत्ता वापत दान सिंह भरतलाई रु २१७२०० भुक्तानी भएकोमा नियमसम्मत देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,१७,२०० |

२८ **प्रोत्साहन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष २७२ जना टुहरा बालबालिकालई प्रोत्साहन भत्ता वापत रु १६०६२७० वितरण गर्दा कार्य सञ्चालन निर्देशिका रहेता पनि लाभग्राही छनौटको आधार प्रमाण नदेखिएको, सम्वन्धित लाभग्राहीको खातामा रकम भुक्तानी नभई वडा सचिवहरुलाई एकमुष्ट भुक्तानी भएकोले वास्तविक लाभग्राहीले लाभ पाए पाएन तथा पालिकावाट कुनै अनुगमन प्रतिवेदन पेश नभएकोले प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,०६,२७० |

२९ **विउविजन वितरण**

पालिकाले यस वर्ष देहायका कार्यक्रममा विभिन्न प्रकारका तरकारी बिउँबिजनहरु रु ६,४४,६०० मा खरिद गरी बितरण गरेको छ । यसरी बितरण गर्दा कार्यालयको क्षेत्रभित्र कृषि कार्यमा संलग्न सबै कृषकहरु मध्येबाट केही कृषक पटक पटक नदोहोरिने गरी तथा सबै

कृषकलाई लाभको वितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको भरपर्दो र वैज्ञानिक प्रणाली बिकास गरेको पाइएन । यस्तो प्रणाली नहुदा सूचना र कार्यालयमा पहुँच हुने केही कृषकहरुले मात्र पटक पटक लाभ प्राप्त गर्न सक्ने देखिएकोले कृषक छनौटको विश्वसनीय र वैज्ञानिक आधार बिकास गरी कार्यान्वयन गरिनुपर्दछ साथै पालिकावाट अनुगमन नभएकोले विउविजनको उम्रने फलने शक्ति सम्वन्धी अवस्था के कस्तो छ भने यकिन गर्न सकिएन सो पालिकाले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

| गोभौनं मिति | कार्यक्रम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १०८-०८०।०९।११ | विउविजन वितरण कार्यक्रम | हिमालय एग्रोभेट एण्ड सप्लायर्स | ५५००० |
| २४६-०८०।११।२४ | विउविजन वितरण कार्यक्र | हिमालय एग्रोभेट एण्ड सप्लायर्स | ९९९०० |
| ३७२-०८१।०३।०३ | ओखर बोट वितरण | न्यु भगवती फलफुल | १००००० |
| २-०८०।०८।१२ | निशुल्क मौषमी तथा बेमौषमी विउविजन कार्यक्रम | हिमालय एग्रोभेट एण्ड सप्लायर्स | २४६२०० |
| १०-०८१।०३१७ | एकल महिला लक्षित कार्यक्रम | हिमालय एग्रोभेट एण्ड सप्लायर्स | १४३५०० |
| | | | ६४४६०० |

३० **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(११) मा सार्वजनिक निकायले वार्षिक पाँच लाख भन्दा बढी भाडा तिर्नुपर्ने गरी घर भाडामा लिनुपरेमा नियम ९४(४) बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने समितिबाट घर भाडा निर्धारण गर्नुपर्ने व्यवस्था छ । यस जिल्लावाट कायम भएको जिल्ला दररेट अनुसार गाडी जाने बाटो भएकोमा रु १५। प्रति वर्ग फिट गाडी जाने बाटो नभएकोमा रु १३। प्रति वर्गफीट उल्लेख छ । पालिकाले यस आर्थिक वर्षमा रु ८,८९,२४१ घर भाडा वापत भुक्तानी गरेको छ । पालिकाको आफ्नै भवन २०८० असार मसान्त भित्र सम्पन्न हुनुपर्नेमा लेखापरीक्षण अवधि २०८१ भाद्र सम्म सम्पन्न नदेखिएकोले यथाशिघ्र सम्पन्न गरी सो को उचित प्रयोग गर्नुपर्दछ।

३१ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने साथै सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भइ कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानिय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराएको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिइ स्वीकृत बजेट बमोजिम कै हाराहारीमा हुने गरी रु. ७३७२७४ खर्च गरेको छ । यसरी डीपीआर तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट नगरेको तथा परामर्शदाताबाट पेश भएका प्रतिवेदनहरु कार्यालयको जिन्सी खातामा दाखिला हुनुपर्नेमा दाखिला नभएको साथै अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| गो.भौ.नं मिति | कार्य | भुक्तानी फर्म | रकम |
|---|---|---|---|
| ५०५-०८१।०३।२४ | सडक निर्माण | सरकमसकेट कन्सल्टिङ्ग सर्भिसजेज प्रा.लि | ३६९६३५ |
| ५१३-०८१।०३।२४ | सडक निर्माण | सैपाल कन्सल्टस एण्ड कन्स्ट्रक्सन प्रा.लि काठमाण्डौ | ३६७६३९ |
| जम्मा रु | | | ७३७२७४ |

३२ **सञ्चार सुविधा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेखुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष सञ्चार महशुलमा रु ६,२६,३६९ खर्च गरेकोमा त्यस्तो खर्च कार्यालय प्रयोजनका अतिरिक्त केही कर्मचारीलाई आवधिक रुपमा रिचार्जको रुपमा सञ्चार सुविधाको उपयोग गरेको पाइयो । सञ्चार सुविधालाई कानूनद्धारा व्यवस्थित गरेर मात्र खर्च गरिनुपर्दछ । कानूनद्धारा व्यवस्थित नगरी खर्च गर्ने प्रवृतीमा सुधार हुनुपर्दछ ।

३३ **सक्कल बिल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिका विभिन्न खर्चको भुक्तानी गर्दा सक्कल बिलको आधारमा नभई फोटोकपिको बिलको आधारमा खर्च लेखेको छ । फोटोकपि बिलको आधारमा भुक्तानी भएको देहायको फर्मबाट रु. १४०२५७१ को सक्कल बिल पेश हुनुपर्ने अन्यथा भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

| गो भौ नं मिति | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|
| ६७-०८०।०८।१४ | कामाब्या प्रतिष्ठान | ६२५६३ |
| १०२-०८०।०९।०८ | बालिचन आयल स्टोर | १३१३७०८ |
| ३६५-०८१।०२।३२ | एभाल टेक्नोलोजिज | ११३०० |
| ४८२-०८१।०३।२३ | बाडुल्की मिडिया हाउस | १५००० |
| | | १४०२५७१ |

| प्रमाण पेश नगरेको | १४,०२,५७१ |
|---|---|

३४ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरुी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले वित्तीय समानीकारण अनुदानको रकमबाट ट्रान्सफर गरेको रु.१० लाख प्राविधिक सहायक हरसिंह बोहरा कर्मचारीलाई अवकाश भए वापत रु.१०००००० भुक्तानी गरेको छ । कोष संचालन सम्बन्धी कानुनको व्यवस्था पालिकाले गरे तापनि स्थानीय सरकार स्चालन ऐनले व्यवस्था गरे वमोजिम खाइपाई आएको तलवबाट नभई अनुदान रकमबाट कट्टा गरी ट्रान्सफर गरेको रकमबाट खर्च गर्नु उचित देखिएन । यस्तो खर्च कानूनद्वारा व्यवस्थित गर्नुपर्दछ।

३५ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने, भ्रमणबाट फर्के पश्चात उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालिको व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिका कार्यालयले यो वर्ष भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शिर्षकमा रु.३४,१८,०२१ खर्च लेखेको देखियो । लेखापरीक्षणको क्रममा संकलन गरिएको विवरण अनुसार गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीले सबैले दैनिक भ्रमण भत्ता प्राप्त गरेको देखियो।पालिकाका पदाधिकारी तथा कर्मचारीहरु नै औचित्य नखुल्ने गरी भ्रमणमा जाने गरेको देखिएको छ । भ्रमण खर्च भुक्तानी भएका सबैजसो भ्रमण आदेशमा भ्रमणको स्पष्ट उद्देश्य र कारण नखुलाई कार्यालयको कामकाजको लागि भनी उल्लेख गरेको कर्मचारी वा पदाधिकारी भ्रमण गई कार्यालयको काम सम्पादन गरेको पुष्टि हुने प्रमाण तथा भ्रमण प्रतिवेदन पेश हुने नगरेकोले भ्रमण खर्च सरकारी कामको लागि नै हो भनि यकिन गर्ने अवस्था देखिएन । पेश भएका भ्रमण आदेश तथा भ्रमण बिल लगायत कागजातवाट भ्रमण खर्चको औचित्य पुष्टि हुने देखिँदैन । वडा सचिव, कार्यालय सहयोगी, वडा अध्यक्ष, सदस्य लगायत अधिकांश पदको कार्य विवरण अनुसार पालिका बाहेक अन्यत्र खासै काम नहुनेमा प्रत्येक महिना कार्यालयको कामकाज उल्लेख गरी जिल्ला सदरमुकाम दार्चुला तथा जिल्ला बाहिर धनगढी लगायत स्थानमा गएको देखाउने गरेको पाइयो । जुन भ्रमणको औचित्य पुष्टि हुने देखिँदैन । भ्रमणमा खटाउने सम्बन्धमा कार्यालय प्रमुखले आन्तरीक नियन्त्रण

प्रणालीलाई व्यवस्थित गरेको देखिएन । यसरी आवश्यकता र औचित्य वेगर भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण गर्ने परिपाटीमा अविलम्ब नियन्त्रण हुनुपर्दछ ।

योजना अनुगमन तथा मुल्याकंनः भ्रमण खर्च नियमावली २०६४ को नियम १० बमोजिम एक जिल्लावाट अर्को जिल्ला वा २० किलो मिटर भन्दा बढी दरी भ्रमण गरे वापत दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ। पालिका भित्रका योजना तथा कार्यक्रममा प्रविधिक कर्मचारी र पदाधिकारीहरु ७ दिन सम्मको दैनिक भ्रमण भत्ता लिने गरेको देखिन्छ साथै पालिकाले कोष प्रमाणित नगरेको तथा कुन कुन योजनाका अनुगमन गरेको हो भने प्रमाण पेश नभएको देखियो।

३६ **लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन तयार नगरेको** (170-२०८०-९-२०):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम एक लाखभन्दा माथिको खरिद वा निर्माण कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले गोकुलेश्वर लाली सडकमा ग्रावेल कार्यका लागि लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन तयार नगरी रु २४६०३७।०० को खरिद कार्य गरेको देखियो । उक्त खर्च मितव्ययी र नियमसम्मत देखिएन । लागत अनुमान तयार गरी मात्र खरिद प्रकृया सुरु गर्नुपर्नेमा उल्लेखित प्रमाण पेश नभएकोमा पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४६,०३७ |

३७ **शिर्षक फरक पारी खर्च**

शिर्षक फरक पारी खर्चः गाउँपालिकाले बजेटमा स्वीकृत शीर्षकको रकम सोही शीर्षकमा खर्च गर्नुपर्दछ । पालिकाले देहायको व्यक्तिलाई भुक्तानी भएको रकम जुन शीर्षकको लागि भुक्तानी भएको हो सो शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा रु. ८६१७४३। खर्च गरेको छ । नियमसम्मत खर्च नगरेकोले अनियमित देखिएको रु

| गो भौ नं मिति | खर्च हुनुपर्ने शीर्षक | खर्च भएको शीर्षक | विवरण | खर्च रकम |
|---|---|---|---|---|
| ४३-०८०।०६।२५ | मेसनरी तथा औजार | विविध | ल्याटप ३ थान र कार्टिज सोफासेट, जुड मसिन, पंखा, पलङ, दराज, स्टेशनरी सामाग्री | ८२५९९३ |
| १३९-०८०।०६।२५ | बैठक भत्ता | जेसिवि अपरेटर भत्ता | भत्ता | ३५७५० |
| | | | | ८६१७४३ |

| | |
|---|---|
| अनियमित भएको | ८,६१,७४३ |

३८ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस बर्ष पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत पालिका चालु खाताबाट रु ११२६८४५ खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा पटक-पटक एकै प्रकारको सूचना प्रकाशन गरेबापत भुक्तानी दिनुका साथै कतिपय फर्मलाइ भुक्तानी दिदा स्पेशिफिकेशनहरुलाई ध्यान दिई खरिद गर्नुपर्दछ ।

३९ **वडा तर्फ मसलन्द खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुनेगरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटकपटक गरी सो उपनियमहरुमा उल्लेखित सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नसक्ने व्यवस्था छ। पालिकाले यो बर्ष निम्नानुसारको खरिद गर्दा प्रतिस्पर्धात्मक विधि वेगर रु १६१९४४३ को सोझै खरिद गरेको देखियो। खरिद योजना बनाई आवश्यकता र मागको आधारमा लागत अनुमान तयार र स्वीकृत गरी खरिद कार्य गर्नुपर्छ।

पालिकाले यस्तो खरिदमा नियन्त्रण गरी सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ। यसका केही उदाहरण निम्न छन्।

| गो.भौ.नं. मिति | आपूर्तक | विवरण | रकम |
|---|---|---|---|
| ३५-०८०।०६।२४ | न्यु अर्जुन अर्डर एण्ड सप्लायर्स | मसलन्द सामाग्री | १००००० |
| ७०-०८०।०८।१४ | बालिचन मल्टी सप्लायर्स | मसलन्द सामाग्री | ९४०१६ |
| ११३-०८०।०९।१२ | एडेवाग पुस्तक पसल एण्ड स्टेशनरी | मसलन्द सामाग्री | ३८०९१ |
| १२६-०८०।०९।१६ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | मसलन्द सामाग्री | ९८६२२ |
| १२७-०८०।०९।१६ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | मसलन्द सामाग्री | ९८३९९ |
| २२७-०८०।११।२३ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | मसलन्द सामाग्री | ५२२०६ |
| २२८-०८०।११।२३ | एडेवाग पुस्तक पसल एण्ड स्टेशनरी | मसलन्द सामाग्री | ३०३२० |
| २३४-०८०।११।२४ | एडेवाग पुस्तक पसल एण्ड स्टेशनरी | मसलन्द सामाग्री | ४०१४० |
| २३७-०८०।११।२४ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | मसलन्द सामाग्री | ७०५१२ |
| २४१-०८०।११।२४ | मालिका अर्जुन पसल | मसलन्द सामाग्री | ९४९८० |
| २७५-०८०।१२।०५ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | मसलन्द सामाग्री | ९९८९२ |
| २८०-०८०।१२।०५ | शुभलक्ष्मी मल्टी ट्रेड एण्ड सप्लायर्स | मसलन्द सामाग्री | ९८८९२ |
| ३०९-०८१।०१।२३ | शुभलक्ष्मी मल्टी ट्रेड एण्ड सप्लायर्स | मसलन्द सामाग्री | ८१३०४ |
| ३२६-०८१।०१।२८ | शुभलक्ष्मी मल्टी ट्रेड एण्ड सप्लायर्स | मसलन्द सामाग्री | ९९४४० |
| ३७४-०८१।०३।०४ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | मसलन्द सामाग्री | ९९६१० |
| ३८८-०८१।०३।०९ | शुभलक्ष्मी मल्टी ट्रेड एण्ड सप्लायर्स | मसलन्द सामाग्री | ९११३५ |
| ३९७-०८१।०३।१२ | शुभलक्ष्मी मल्टी ट्रेड एण्ड सप्लायर्स | मसलन्द सामाग्री | ३६०४७ |
| ४३७-०८१।०३।१९ | एडेवाग पुस्तक पसल एण्ड स्टेशनरी | मसलन्द सामाग्री | १०२९९२ |
| ३४-०८१।०३।२२ | एन एस इन्फोसिस | मसलन्द सामाग्री | ९७४८८ |
| ३४-०८१।०३।२२ | कृतिक ट्रेडर्स | मसलन्द सामाग्री | ९५३५७ |
| | | | १६१९४४३ |

४० **सवारी साधन,मेशिनरी औजार मर्मत तथा सम्भार खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । मर्मत खर्च लेखेका सामानहरुमा डेक्सटप, कम्प्युटर, ल्यापटप, प्रिन्टर साथै मेशीनरी औजार र सवारी साधनहरु रहेका छन। पालिकाले सवारी साधन तथा औजार सामाग्री मर्मतको स्थायी अभिलेख र लगसिट तयार नगरेको एवंम् व्यक्तिको नाममा समेत मर्मत तथा सम्भार बापत भुक्तानी दिएको हुँदा मर्मत खर्च यथार्थ हो भन्नेमा विश्वत हुने आधार देखिएन। मेशिन औजार मर्मतको अभिलेख खाता नराख्दा गत आ.व. मा भएको खर्च संग तुलना गरी भिडाउने आधार देखिएन। सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.फा.नं ४१५ व्यवस्थित तवरले तयार नगरी मेशिनरी औजार मर्मत तथा सम्भार खर्च तर्फ रु.

२९००५३९ खर्च लेखेको छ । सवारी साधनहरुको मर्मत सम्भार खर्च लेख्दा लाभ लागत विश्लेषण गरेको देखिएन ।अतः नियमको पालना गरी खर्च व्यवस्थित गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

४१ **सवारी साधन तथा मेशिनरी औजार भाडा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिती गठन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी विवरण, स्पेशिफिकेशन, अवस्था र आयु, प्रचलित बजार,भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरुलाई विचार पुर्याउनुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष कार्यालय प्रयोजनको लागि सवारी साधन भाडामा लिई रु.८००००० खर्च लेखेको छ । भाडाको लागत अनुमान तयार नगरी प्रतिस्पर्धा बेगर सोझै सम्झौता गरेको पाइयो । यसरी खरिद नियमावलीले निर्धारण गरेको प्रक्रिया वेगर सोझै सम्झौता गरी खर्च लेख्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

४२ **बिल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी खर्च भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । देहायका व्यक्ति र फर्मलाई बिल बिजक तथा खर्च पुष्टयाई हुने कागजात पेश बेगर रु ८१७५० भुक्तानी भएको देखिएकोले सो प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.

| गो.भौ.नं. मिति | भुक्तानी पाउने | वापत | रकम |
|---|---|---|---|
| २०-०८०।०६।१० | गणेश सिंह धामी | विविध | ४५००० |
| ८९-०८०।०८।२२५ | अर्जुन सुवेदी | | २८७५० |
| ८९-०८०।०८।२२५ | तर्कराज विष्ट | | ८००० |
| | जम्मा | | ८१७५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८१,७५० |

४३ **सडक सरसफाई** (141-२०८०-९-१७):

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यपालिकाको निर्णय बमोजिम चालु खाताको विविध शिर्षकवाट मानविसा देखि लाली पुलघाट सम्म सडक मर्मत तथा सरसफाई कार्यको लागि हुनैनाथ निर्माण सेवा प्रा लि लाई JCB वाट १६४.६ घण्टा कार्य गरेको वापत प्रति घण्टा ४८५२.७ का दरले रु ७९८७६१ भुक्तानी गरेको देखिन्छ।जबकी पालिकासंग १ वटा JCB र १ वटा ब्याकहो लोडर हुदा हुदै पनि जेसिविवाट सम्पन्न हुने कार्य बाहिरी निर्माण व्यवसायवाट गराएको मितव्ययि तथा औचित्यपुर्ण नदेखिएको र पालिका माथि थप व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ७,९८,७६१ |

४४ **असम्बन्धित खर्च** (१२५-२०८०-८-९):

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले बजेट खर्च गर्दा मितव्ययिता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । उद्योग वाणिज्य संघ दार्चुलाको आफ्नै कामकाज सम्वन्धमा पालिकाका वडा नं ३ का वडा अध्यक्ष सुरेश सिंह थापालाई पत्र पठाईएको देखियो । सो पत्रको आधारमा निजलाई दैनिक भ्रमण बापतको रकम रु ३९३०० भुक्तानी भएको देखिएकोले असम्बन्धित कार्यमा भएको भुक्तानी सम्बन्धितबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,३०० |

४५ **मोबाइल खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेखुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शिर्षकबाट यो बर्ष निम्नानुसार मोबाइल खरिद गरी जनप्रतिनिधि तथा कर्मचारीलाई बितरण गरेको छ । सुदुरपश्चिम प्रदेश सरकारबाट जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी ऐन २०७६ मा पालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई मोबाइल सुविधा दिने ब्यबस्था भएको देखिदैन । यसरी ऐनले तोकेको भन्दा भिन्न तवरले सुविधा दिने र लिने कार्यमा नियन्त्रण हुनुपर्दछ र यस्तो सुविधाहरु कानूनद्धारा व्यवस्थित गरिनुपर्दछ ।

| गो.भौ.नं. मिति | आपुर्तक | मोडल | परिमाण | रकम |
|---|---|---|---|---|
| १३-०८०।०६।०८ | उग्रतारा ट्रेडिङ्ग हाउस | Samsung A33 | १ | ३८००० |
| ११२-०८०।०९।१२ | वीर इन्टरनेशनल ट्रेडर्स सप्लायर्स | Red mi note 12 | १ | ३२००१ |
| ३१९-०८१।०१।२५ | गडतोला ट्रेडर्स | Samsung A55 | १ | ६३००० |
| ४५४-०८१।०३।२० | वीर इन्टरनेशनल ट्रेडर्स सप्लायर्स | Samsung A15 samsung M55 | २ | ७९६६५ |
| | जम्मा | | | २१२६६६ |

## ४६ वितरण भर्पाइ

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ अनुसार कार्यालयले लेखा राख्दा सो लेखालाई प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नुपर्दछ । पालिकाले देहायका सामाग्री वितरण गर्दा वास्तविक लाभ पाउने समक्ष पुगे नपुगेको प्रमाण तथा भर्पाई पेश नभएकोले भर्पाई प्रमाण पेश गर्नुपर्ने रु

| **गो.भौ.नं** | **भुक्तानी पाउने** | **विवरण** | **रकम** |
|---|---|---|---|
| १६९-०८०।०९।२० | भागेश्वरी मल्टी ट्रेड एण्ड सप्लायर्स | सिलिपिन्ङ ब्याग १६ थान | ४८००० |
| २६८-०८०।१२।०४ | भागेश्वरी मल्टी ट्रेड एण्ड सप्लायर्स | हेलमेट कारविन ग्लोभ रोप आदी | ९९५५३ |
| ३५-०८०।१२।०४ | आर जे ट्रडर्स एण्ड सप्लायर्स | स्वास्थ्य शाखा सामाग्री | ८०००० |
| | | | २२७५५३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२७,५५३ |

## ४७ अन्य कार्यालयको खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । स्थानीय तहले यो वर्ष विभिन्न कार्यालयको कार्यालय व्यवस्थापन खर्चका लागि रु. १९९२५७। भुक्तानी गरेको छ ।पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन ।गाउँपालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढदै जाने देखिन्छ ।यस्तो प्रकृतिको खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| गोभौनं | कार्यालय वा संस्थाको नाम | कामको प्रकृति | भुक्तानी रकम |
|---|---|---|---|
| ६९ | ईलाका प्रहरी कार्यालय | टिभी, बेड, त्रिपाल, कुकर, टेबल, चेयर लगायत सामाग्री खरिद | १५९९१७ |
| २८९ | ईलाका प्रहरी कार्यालय | साना गृह निर्माण | ३९३४० |
| | | | १९९२५७ |

## ४८ सिलाई कटाई तालिम:

**सिलाई कटाई तालिम:** पालिकाको वडा नं ६ मा संचालित आधारभूत सिलाई कटाई तालिमबापत भौ.न.१८९-०८१।०३।१३ बाट व.उ.वि.स.पुरन सिंह वगाललाई रु.२०५४५०.० भुक्तानी दिएको स्रेस्ता परिक्षण गर्दा देखिएका बेहोरा निम्न छन:

४८.१ **बढी भुक्तानी:** नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१५ मा सिप विकास तालिममा खर्च गर्ने मापदण्डको व्यवस्था गरेको छ। उक्त सिलाई कटाई तालिममा निर्देशिकाले उल्लेख गरे भन्दा निम्नानुसार रु. २२१२५.० बढि खर्च लेखेको रकम व.उ.वि.स.पुरन सिंह वगालबाट असूल हुनुपर्ने रू.

| विवरण | वास्तविक खर्च | मापदण्ड अनुसार पाउने | बढी भुक्तानी (करकट्टी सहित) |
|---|---|---|---|
| बाहिरी स्रोत व्यक्तिको हकमा ३० कार्यदिन भन्दा बढी मुख्य प्रशिक्षकलाई मासिक रु.१००००.० का दरले भुक्तानी हुनुपर्ने | ३७५०० | १५००० | २२१२५ |
| | | जम्मा | २२१२५ |

| असुल गर्नुपर्ने | २२,१२५ |
|---|---|

४८.२ पालिकाले प्रविधि हस्तान्तरण बापत रु.१४००००.० को सिलाई मेसिन लगायतका अन्य सामाग्रीको प्रविधि हस्तान्तरण गरी प्रवर्द्धन गरिएका लघु उद्यमीले प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नुपर्नेमा सो को विवरण पेश नगरेकोले हाल उक्त सामाग्रीहरुको सहि सदुपयोग भएको छ भन्ने कुरामा विश्वस्थ हुने अवस्था छैन। साथै पालिकाले उक्त सामाग्रीको सहि सदुपयोग भए नभएको निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ।

४९ **राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र सोही नियमावलीको ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था छ। पालिकाले स्थानीय र जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता संचालनबापत गा.पा.चालु शिक्षा रु.४३२३५०.० र सर्शत चालु बाट रु.९८३५१७.० समेत रु.१४१५८६७.० खर्च गरेको स्रेस्ता परीक्षण गर्दा देखिएका बेहोरा निम्न छन:

४९.१ मिति ०८०।१०।२५ देखि ०८०।११।०१ सम्म दार्चुलाको सदरमुकाम खलङ्गामा भएको जिल्ला स्तरीय राष्ट्रपती खेलकुद प्रतियोगितामा सहभागीहरुको होटल खर्च बापत रु.४९७२१७.० होटल बैसेकको बिल भरपाई, त्यस्तै पानी, रेडबुल लागयत विधिध खर्च बापत रु.१०६९४०.० को विभिन्न स्टोर तथा पसलका विल पेश गरेको देखियो। उक्त कार्यको लागि लागत अनुमान तयार तथा स्वीकृत नगरी एउटा होटल छनौट गरी विलमा उल्लेख भएअनुसारको रकम सम्बन्धित होटललाई भुक्तानी गर्नुपर्नेमा प्रा.स.चुडामणी अवस्थीलाई भुक्तानी भएको रकम नियमसंगत देखदैन। पालिकाले सम्बन्धित होटल तथा सप्लार्यसलाई EFT को मार्फत सोझै भुक्तानी हुने व्यवस्था मिलाउनुपर्दछ।

४९.२ लागत अनुमान तथा स्वीकृत वेगर सार्वजनिक खरिद ऐन र नियमावलीमा उल्लेख भएको खरिदको प्रावधान विपरित टुक्रा टुक्रा पारी विभिन्न सप्लायर्सबाट जुत्ता, मोजा, जर्सी, ट्र्याक सुट, लेगिस, नि क्याप र खेलकुद सामाग्री लगायत खरिदका रु.३८८०५२.० विलहरु पेश भएको देखियो। यसरी लागत अनुमान तयार र स्वीकृत तथा खरदि ऐन तथा नियमावली विपरीत भएको खर्च नियमसम्मत नदेखिएको रू.

| अनियमित भएको | ३,८८,०५२ |
|---|---|

४९.३ जिल्लास्तरीय प्रतियोगिताको तयारी लागि ६७ जना खेलाडीले १६ वटा विधामा भाग लिएकोमा २ स्वर्ण, ४ रजत, ३ कास्य सहित जम्मा ९ पदक प्राप्त गरी ९ वटा पालिकामध्ये छैठो स्थानमा यस पालिका रहेको देखियो। प्रतियोगिता तयारी र समग्र प्रतियोगितामा कुल रु.१४१५८६७.० खर्च गरेकोमा खर्च अनुरुपको नतिजा प्राप्त भएको नदेखिएकोले आगामी दिनमा खर्चमा नियन्त्रण गरी नतिजा सुधारमा ध्यान दिनुपर्दछ।

५० **इन्टरनेट जडान:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ८५ मा रु.१० लाखसम्म सोझै, नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्मसिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्नेव्यवस्था छ। तर पालिकाले ईन्टरनेट जडानकार्यको लागि रु.१३ लाख विनियोजन गरी लागत अनुमान तयार नगरी गाउँपालिकामा ईन्टरनेट जडान कार्य देहायाबमजिम टुक्रा पारी खरिद गरेको देखियो। उक्त इन्टरनेट जडान पश्चात सम्बन्धित प्राविधिकबाट नापँजाँच गराई जडान प्रतिवेदन पेश हुनुपर्नेमा जडान प्रतिवेदन समेत पेश भएको पाईएन। अत: लागत अनुमान, जडान प्रतिवेदन वेगर सार्वजनिक खरिद ऐन र नियमावली भएको प्रावधान विपरीत खरिद कार्य गरेकोले लागत अनुमान जडान प्रतिवेदन पेश हुनुपर्ने रू.

| भौ.न.र मिति | सप्लार्यसको नाम | भुक्तानी रकम |
|---|---|---|
| ३२४-०८१।१।२७ | सबु टेक कन्चनपुर | ३९८९४६ |
| २६५-०८०।१२।०२ | आर एण्ड ईलेक्ट्रोनिक्स कन्चनपुर | ४९७०८५ |
| २७७-०८०।१२।०५ | नर्मदा ईन्फोसिस कन्चनपुर | ३९९३४२ |
| | **जम्मा** | **१२९५३७३** |

| प्रमाण पेश नगरेको | १२,९५,३७३ |
|---|---|

५१ **विद्यालयलाई अनुदान:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले भौ.न.४३३-०८१।३।१८ बाट लटिनाथ मा.वि. चन्दनपुर चौपातालाई रु.१० लाख एकमुष्ठ अनुदान दिएको देखियो। जुन पालिको आन्तरिक आय रु. २२८३०९१.० को ४३.८० प्रतिशत हुन आउँछ। पालिकाले उक्त विद्यालयमा जे.टि.ए. कार्यक्रम पढाई हुने भएकोले अनुदान दिएको उल्लेख गरेता पनि प्रदेश सरकारबाट समेत बार्षिक रु.१० लाख अनुदान निकासा गरेको देखियो। विद्यालयले उक्त खर्च के मा खर्च गर्ने हो सो को प्रस्ताव पेश नगरेको, पालिका र विद्यालयबिच कुनै सम्झौता नभएको, उक्त विद्यालयमा कति जना विद्यार्थीले जे.टि.ए.पढ्ने गर्छन र निजहरुबाट कति शुल्क लिने गरेको छ, उक्त शुल्क विद्यालयमा के मा खर्च गर्छ सो को लेखा जोखा नगरी एकमुष्ठ अनुदान दिएको नियमसम्मत देखिएन। पालिकाले आन्तरिक आय वृद्धि गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। साथै, उक्त अनुदान रकमको लागि विद्यालयबाट प्रस्तावना, पालिका र विद्यालयबिच सम्झौता पत्र र अनुदान रकम खर्च भएको विल भरपाई तथा प्रमाण पेश हुनुपर्दछ।

५२ **रोजगारी सृजना कार्यक्रम:**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सृजना कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत विभिन्न स्थानमा सडक मर्मत तथा फिल्ड निर्माण लगायतका योजना सञ्चालन गरी यस वर्ष ७८ जनालाई ६२ दिन देखि १०० दिनले १०४९ दिन रोजगारी उपलव्ध गराई रु.४५२२५५३.० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र रोजगारी सृजना कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५३ **सामाजिक सुरक्षा**

५३.१ **भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा भत्ता

वडा नं.१ देखि ६ सम्मको लागि लक्ष्मी सनराईजेज बैंक मार्फत भत्ता वितरण गर्न रु. ७,७८,७४,०००।०० निकासा भएको छ ।

५३.२ **समाजिक सुरक्षा कार्यक्रम संचालनः** समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंक बिच हुने सम्झौताको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए पालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ। पालिकाबाट विभिन्न त्रैमासिकमा लक्ष्मी सनराईजेज बैंकलाई रकम जम्मा गर्न पठाएको रकम मध्ये भुक्तानी नभई निष्क्रिय खातामा रहेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने । लगत अद्यावधिक गरी रकम निष्क्रिय नहुने व्यवस्था गर्नुपर्दछ।

५३.३ **पारदर्शिता र अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

५४ **सेनेटरी प्याड-**

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनेटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनेटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाले लागत अनुमान तयार नगरी विनियोजन रकमलाई नै आधार मानी क्यापिटल सप्लार्यस धनगढीबाट (भौ.न.२३१-०८१।०३।२४ बाट) १२५०० प्याकेट सेनेटरी प्याड रु.७५.९९(मु.अ.कर समेत) का दरले रु.९३७४६४.० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयहरुका प्रधानाध्यापकहरुलाई बुझाएको भरपाई पेश भएको देखियो। वितरण गरिएका प्याडहरु सम्बन्धित छात्राहरुले पाए नपाएको तथा सहि प्रयोग गरेको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन नगरेकोले प्याड सदुपयोग र उपलब्धताको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।यस सम्बन्धमा देखिएको थप बेहोरा निम्न छ:

सेनेटरी प्याड डिस्पोजल मेसिन: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र सोही नियमावलीको ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था छ। पालिकाले गो.भौ.न.२३४-०८१।३।२४ बाट ६ थान सेनेटरी प्याड डिस्पोजल मेसिन खरिदबापत आर के एडभटाईजिङ एण्ड सप्लायर्स प्रा.लि.कञ्चनपुरलाई रु.३६००००.० भुक्तानी दिएको देखियो। खरिद गरेको मेसिन ६ वटा विद्यालयलाई वितरण गरेको उल्लेख गरेता पनि सम्बन्धित विद्यालयले बुझेको र विद्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण नभएकोले उक्त प्रमाण पेश हुनुपर्ने साथै मेसिन सहि प्रयोग भएको सुनिश्चित हुनुपर्दछ।

५५ **शिक्षकको अभिलेख:-**

शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा समन्वय ईकाई प्रमुखको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुवाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको

बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा समन्वय ईकाईबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

५६ **सामुदायिक सिकाइ केन्द्रको सञ्चालन अनुदान:**

कार्यक्रम कार्यान्वयनपुस्तिका२०८०।०८१को क्रियाकलाप न.२.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चितता कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्रको सञ्चालन अनुदानको लागि एकमुष्ठ रु.२ लाख ५० हजार अनुदान दिने जसकालागि शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS)भरेको हुनुपर्ने मापदण्ड उल्लेख छ। तर पालिकाले शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) नभरेका देहायका सामुदायिक सिकाइ केन्द्रलाई रु.५ लाख अनुदान दिएको देखिएकोले कार्यक्रम कार्यान्वयन पुस्तिका उल्लेखित मापदण्ड पुरा नगरेका सामुदायिक सिकाई केन्द्रालाई निकासा गरेकोले शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) नभरी अनुदान निकासा दिएको अनियमित देखिएको रू.

| गो.भौ.न.र मिति | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| २०९-२०८१।०३।१८ | सामुदायिक सिकाइ केन्द्र, लाली | २५०००० |
| २२४-२०८१।०३।२१ | सामुदायिक सिकाइ केन्द्र | २५०००० |
| | जम्मा | ५००००० |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ५६.१ | सामुदायिक सिकाइ केन्द्र | २५०,००० |
| ५६.२ | सामुदायिक सिकाइ केन्द्र, लाली | २५०,००० |

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

५७ **कार्यसम्पादनमा आधारित अनुदान:**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप न.२.७.१३.१३ को उ.क्रि.न.९.८ मा विद्यालयलाई विद्यार्थी संख्याको आधारमा रु.६० लाखसम्म अनुदान दिने र सो कार्यको लागि विद्यालय र पालिकाबिच सम्झौता गर्नुपर्ने र विद्यालयले शैक्षिक तथा व्यवस्थापकीय योजनाको गुरुयोजना बनाई पेश गर्ने र सो को पालिकाले निरन्तर अनुगमन गरी अनुगमन प्रतिवेदन पेश गर्ने उल्लेख रहेको छ। पालिकाले गो.भौ.न.६८-०८०।१२।०४ बाट लटिनाथ नमुना मा.वि. चौपातालाई रु.२० लाख अनुदान दिएकोमा कार्यन्वयन पुस्तिकामा उल्लेख भएअनुसार पालिका र विद्यालय विच भएको सम्झौता, विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजनाको गुरुयोजना र सो कार्यको अनुगमन प्रतिवेदन स्रेस्तासाथ पेश भएको नदेखिएकोले पालिका र विद्यालय विच भएको सम्झौता, विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजनाको गुरुयोजना र अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ।

५८ **छात्रावृत्ति अनुदान-**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.१.१.मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा ४७ वटा विद्यालयमा रु.८४८०००.० निकासा गरेको छ। IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसम्मत देखिदैन। पालिकाले निकासा गरेको रकम सम्बन्धित छात्रछात्रालाई वितरण गरेको भरपाई समेत पेश नभएकोले निकासा भएको रकम वितरणको भरपाई पेश हुनुपर्दछ।

५९ **बढी निकासा:**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप न.२.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यस्थापन अनुदान अन्तर्गत आधारभूत तह सञ्चालित विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणको लागि एकमुष्ठ प्रतिविद्यालय वार्षिक रु.१० हजार अनुदान निकासा गर्नुपर्ने उल्लेख छ। तर पालिकाकाको वालिचन आ.वि.तिनेगाउँलाई रु.१० हजार निकासा हुनुपर्नेमा गो.भौ.न.२२०-०८१।३।२० बाट रु.२० हजार निकासा भएको देखिएकोले रु.१००००.० बढी अनुदान वालिचन आ.वि.तिनेगाउँबाट असुल गरी संघीय संचितकोषमा दाखिला हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

६० **बढी तलबभत्ता निकासा:**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै पनि विध्यालयले आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ। पालिकाले विद्यालयका शिक्षकहरुको तलबभत्ता अनुदान निकासा गर्दा देहायका विद्यालयका शिक्षकलाई निम्नानुसार बढी रु.७७४१८.० अनुदान निकासा गरेको देखिएकोले उक्त बढी निकासा रकम सम्बन्धित विद्यालयबाट असूल/फिर्ता हुनुपर्ने रू.

| क्र.स. | विद्यालयको नाम | विवरण | बढी निकासा रकम |
|---|---|---|---|
| १ | श्री भगवती प्रा.वि.पिडअम्कुर | प्रा.वि.द्वि.पदम सिंह बोहोरा मिति ०८०।१२।०१ मा अनिवार्य अवकास भएकोमा पूरै तेस्रो त्रैमासिकको तलब भुक्तानी भएकोले पोशाक भत्ता सहित रु.६८७०३.० बढी निकासा भएको | ६८७०३ |
| २ | श्री तमैराज प्रा.वि.जोगि कोईराली | प्रा.वि.तृ.मदनराज पन्त मिति ०८०।१२।२६१ मा अनिवार्य अवकास भएकोमा पूरै तेस्रो त्रैमासिकको तलब भुक्तानी भएकोले रु.८७१५.० बढी निकासा भएको | ८७१५ |
| | | जम्मा | ७७४१८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,४१८ |

६१ **विद्यालयगत निकासा खाता:**

विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्याबधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अत: विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

६२ **समानिकरण अनुदानबाट शिक्षकलाई तलब भत्ता:**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई यस वर्ष वित्तीय समानीकरण अनुदानबाट शिक्षा ४७ विद्यालयमा शिक्षकहरुलाई नियुक्ति गरि रु २,७०,००,०००.० तलब भत्ता भुक्तानी गरेको पाईयो ।विद्यालयहरुलाई निजी शिक्षकको तलब भत्ता निकासा दिनु पूर्व विद्यालयगत दरबन्दी मिलान गरी तथा शिक्षक विद्यार्थी अनुपात, विद्यालयको स्तरोन्नती, प्राविधिक शिक्षा लगायतका विषयहरु समेत ध्यान दिई आवश्यकताको आधारमा थप शिक्षक एकिन गरी तलब भत्ता रकम उपलब्ध गराउन सकिने भएतापनि सो अनुसार नगरी समानिकरण अनुदानबाट निजी शिक्षकको तलब भत्ता निकासा गर्नु उचित देखिएन ।यसरी खर्च लेख्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

६३ **नि:शुल्क पाठ्यपुस्तक:-**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ मा विद्यालयलाई पाठ्यपुस्तकबापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गतका ४७ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको शत प्रतिशत रकम रु.१८८०३९१.० असार महिनामा मात्र निकासा गरेको पाइयो। पालिकाले विद्यार्थीको भर्ना विवरण तथा विद्यालय अनुगमन नगरी विद्यालयले पेश गरेको IEMIS को तथ्यांक अनुसार शतप्रतिशत अनुदान उपलब्ध गराएको रकम कार्यक्रम कार्यान्वय पुस्तिकामा भएको व्यवस्था विपरित देखियो। अनुदान रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरेको निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था भएन। यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु.१८८०३९१.० खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ।

६४ **पढ्दै कमाउदै कार्यक्रम:**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप न.२.७.१३.१३ मा पढ्दै कमाउदै कार्यक्रम अन्तर्गत कार्यविधिबमोजिम कार्यक्रम संचालनको लागि विद्यालयलाई सुरुमा ५० प्रतिशत रकम उपलब्ध गराउने र विद्यालयबाट कार्ययोजनामा उल्लिखित कार्यक्रमको कार्यप्रगतिको नियमित अनुगमन गरी सोका आधारमा बाँकी ५० प्रतिशत रकम उपलब्ध गराउने उल्लेख छ। त्यस्तै, शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडी भविष्यमा उद्यमी, व्यवसायिक, सिपयुक्त एवम् स्वावलम्बी नागरिक उत्पादन गर्ने मुख्य लक्ष्य पढ्दै कमाउँदै कार्यक्रम कार्यविधि, २०७८ मा उल्लेख छ। पालिकाले कार्यविधी अनुसार छनौट भएको लटिनाथ नमुना मा.वि. चौपातालाई कार्यक्रम कार्यान्वय पुस्तिकामा उल्लेखित व्यवस्था विपरित एकैपटकमा गो.भौ.न.१९४-०८१।३।१६ बाट स्थानीय जातका बाख्रा २० वटा र सेरेना जातको गोलासहितको माहुरी घार १० वटा खरिदबापत रु.९८९०००.० अनुदान दिएको देखियो। खरिद गरेको बाख्रा र माहुरी घार ३० जना विद्यार्थीलाई वितरण गरेको भरपाई स्रेस्ता साथ पेश भएकोमा उक्त बाख्रा र घार सम्बन्धित विद्यार्थीले आफ्नो घरमा लगेका र हाल उक्त बाख्रा र घारको अवस्था के कस्तो रहेको सो को अनुगमन प्रतिवेदन पेश भएको देखिएन। विगतमा समेत उक्त कार्यक्रमहरु भएकामा सो कार्यक्रमले कति विद्यार्थीको शिक्षालाई सिप, श्रम, उत्पादन र बजारसँग जोड्ने काम भयो सो को समिक्षा नगरी उक्त रकम निकासा गरेको देखियो। कार्यविधिमा उल्लेख भएको लक्ष्य अनुरुप शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडी भविष्यमा उद्यमी, व्यवसायीक, सिपयुक्त नागरिक उत्पादन गर्ने तर्फ विद्यालयले कार्य गर्नुपर्नेमा वितरणमुखी कार्य गरेको र विगतका कार्यक्रमको समेत समिक्षा नगरी अनुदान निकासा दिएको कार्यविधीसम्मत नदेखिएको र विद्यालयले कार्ययोजना समेत पेश नगरेको तथा अनुगमन नगरी एकैपटक अनुदान रकम निकासा दिएको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ९,८९,००० |

६५ **मूल्य अभिवृद्धि कर कट्टी**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (एक्काइसौं संशोधन) को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले निम्नानुसारको खरिद कार्यमा नियमावलीमा भएको व्यवस्था अनुसारको तीस प्रतिशत मू.अ.कर रु.१६०००६.० कट्टा नगरी भुक्तानी दिएकोले उक्त रकमको मु.अ.कर समायोजन पत्र पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|
| १४४-०८०।९।१८ | दुर्गा स्टील फर्निचर उद्योग, धनगढी | ५६७७४० | ६५३१५ | १९५९५ |
| १४६-०८०।९।१८ | न्यू मिश्रा स्टेशनरी सप्लार्यस, कैलाली | ६०००८६ | ६९०३६ | २०७१० |
| १४७-०८०।९।१८ | होमटाउन ईन्टरप्राईजेज धनगढी | ९७१६८७ | १११७८७ | ३३५३६ |
| ३२९-०८०।०१।२८ | कृतिक ट्रेर्डस एण्ड सप्लायर्स धनगढी | ४११९४६ | ४७३९२ | १४२१७ |
| ३३०-०८१।१।२८ | उग्रतारा ट्रेडिङ्ग हाउस कैलाली | ३३९४५२ | ३९०५२ | ११७१५ |
| ४५८-०८१।३।२० | जयमाता मनकामना सप्लायर्स कैलाली | ४४९९४३ | ५१७६३ | १५५२८ |
| ३२४-०८१।१।२७ | सबु टेक कन्चनपुर | ३९८९४६ | ४५८९६ | १३७६८ |
| २६५-०८०।१२।०२ | आर एण्ड ईलेक्ट्रोनिक्स कन्चनपुर | ४९७०८५ | ५७१८६ | १७१५५ |
| २७७-०८०।१२।०५ | नर्मदा ईन्फोसिस कन्चनपुर | ३९९३४२ | ४५९४२ | १३७८२ |
| | | | जम्मा | १६०००६ |

| प्रमाण पेश नगरेको | १,६०,००६ |
|---|---|

६६ **मसलन्द तथा विविध तर्फ**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **७२५,४५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६७ **औषधि खरिद-**

पालिकाकालाई आवश्यक पर्ने औषधिमध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी जुग्नु फार्मेसी लि. काठमाडौबाट रु.१३६७३३०.० र मेगामेडिसिन सप्लार्यस महेन्द्रनगरबाट रु.९५३६८७.० समेत रु.२३२१०१७.० भुक्तानी दिएको पाईयो। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

६८ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ४ बर्थिङ सेन्टरमा गत वर्ष १३० थान मौज्दात रहको र यस वर्ष खरिद नभएको तथा यस वर्ष १०० जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ३० थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका

त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

६९ **बालश्रम मुक्त स्थानीय तह घोषणा:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.न.२३२-०८१।३।२४ बाट बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि घरधुरी सर्वेक्षण कार्यको लागि असल शासन क्लब जिल्ला समन्वय समिति, दार्चुलालाई रु.२९७०००.० भुक्तानी भएको देखियो। उक्त कार्यको लागि लागत अनुमान तयार नगरि विनियोजित बजेटलाई आधार मानी प्रस्तावना माग गरेको देखियो। प्रस्ताव माग गरेको पत्रको मिति केरमेट भएको, प्रस्ताव पेश गरेको पत्रको मिति टिपेस लगाई सच्चाईएको र प्रतिवेदन समेत पेश भएको देखिएन। साथै कार्यादेश पाएको असल शासन क्लब जिल्ला समन्वय समिति, दार्चुलाले पेश गरेको विजक फोटोकपी रहेको र विजक नं. समेत हस्तलिखित रहेको तथा मु.अ.करमा समेत दर्ता रहेको पाईएन। उक्त घरधुरी सर्वेक्षण कति दिन सञ्चालन भएको हो सो समेत नखुलेको र प्रतिवेदन समेत पेश नभएकोले उक्त कार्य भएकै हो भन्न सकिने विश्वस्थ आधार पेश नभएकोले कार्यसम्पन्न प्रतिवेदन सहित रितपूर्वकको सक्कल विजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९७,००० |

७० **सामाजिक सुरक्षा कर कट्टी:**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागबाट जारी भएको स्थानीय तहबाट कार्यान्वियन गरिने स्वास्थ्य तथा जनसंख्यासम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन-२०७९ मा राष्ट्रिय महिला स्वयंसेविकाहरुलाई पोशाक भत्ताबापत भुक्तानी हुने रकममा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरेर मात्र भुक्तानी गर्ने व्यवस्था रहेको छ। तर पालिकाले ३६ जना महिला स्वयं सेविकालाई पोशाक भत्ता बापत भौ.न.१५९-०८१।३।०६ बाट एकमुष्ट रु.३६००००.० भुक्तानी गरेकोमा उक्त भत्तामा सामाजिक कर कट्टि गरेको नदेखिएको करबापतको रु.३६००.० सम्बन्धितबाट असुल गरी संघिय संचितकोषमा दाखिला हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६०० |

७१ **सोलार खरिद:**

**सोलार खरिद:**सार्वजनिक खरिद नियमावलीको नियम ११ मा मालसामानको लागत अनमान तयार गर्नपर्नेव्यवस्था छ। तर पालिकाले देहायका भौ.न. बाट सोलार ब्याटी, प्यानल लगायतका सोलारसम्बन्धी सामाग्री खरिदको लागि लागत अनमान तयार तथा स्वीकत बेगर टक्रा-टक्रा बनाई रु.८७८३८६.० खर्च गरेको देखियो। उक्त सोलार खरिद पश्चात कन कन ठाउँमा जडान गरियो सो को प्राविधिकबाट जडान प्रतिवेदन पेश भएको देखिएन। सार्वजनिक खरिद ऐन, नियमावलीको प्रावधान विपरीत लागत अनमान तयारी र स्वीकत बेगर सोझै खरिद गरेको नियमसम्मत देखिएन। अत: उक्त सोलार जडान भएको देखिने गरी प्राविधिकबाट जडान प्रतिवेदन पेश हुनुपर्दछ।

| गो.भौ.न.र मिति | सप्लायर्सको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ३२९-०८१।१।२८ | कृतिक ट्रेर्डस एण्ड सप्लायर्स, धनगढी | ४११९४६ | सैझै खरिद भएको जडान प्रतिवेदन पेश नभएको |
| २०२-२०८०।११।०९ | आरम्भ ट्रेर्ड कन्सर्न कञ्चनपुर | २३७००० | “ “ |
| ३२८-०८१।०१।२८ | गड्तौला ट्रेर्डस धनगढी | १३०००० | “ “ |
| ४१७-०८१।३।१४ | कृतिक ट्रेर्डस एण्ड सप्लायर्स, धनगढी | ९९४४० | “ “ |
| | जम्मा | ८७८३८६ | |

बढी भुक्तानी: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले सोलार खरिद कार्य गर्दा भौ.न.४१७ बाट कृतिक

ट्रेर्डस एण्ड सप्लायर्स धनगढीलाई Asian Battery 160 AH को प्रति ब्याट्री रु.२३५००.० (मु.अ.कर बाहेक) र Smarten Invetor Double Battery को प्रति ब्याट्री रु.२३५००.० (मु.अ.कर बाहेक) भुक्तानी भएकोमा पुन: सोही स्पेशिफिकेशनको व्याट्री खरिदबापत भौ.न.३२९ बाट सोही सप्लार्यसलाई प्रति व्याट्री रु.२८१४१.० (मु.अ.कर बाहेक) र रु.२६०१७.६९ (मु.अ.कर बाहेक) भुक्तानी भएको देखियो। जसका कारण भौ.न.३१७ बाट ५ थान Asian Battery 160 AH को रु.९२७१.६५ (मु.अ.कर सहित) र ३ थान Smarten Invetor Double Battery को रु.८५३२.०(मु.अ.कर सहित) समेत रु.१७८०३.० बढी भुक्तानी भएको देखिएकोले उक्त रकम कृतिक ट्रेर्डस एण्ड सप्लायर्स धनगढीबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,८०३ |

७२ **बाख्रापालन प्रवर्द्धन कार्यक्रम:**

पालिका भरी बाख्रापालन प्रवर्द्धन कार्यक्रमको लागि रु.२० लाख ४८ हजार विनियोजन भएकोमा रु.२०११८७८.० खर्च भएको स्रेस्ता परिक्षण गर्दा देखिएका बेहोरा निम्न छ:

अनुगमन खर्च बढी भुक्तानी: प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधी, २०८० को परिच्छेद ३ को बुदाँ नं ८ मा तालिम, अनुगमन तथा भ्रमण र प्रशासनिक खर्चमा विनियोजित बजेटको बढीमा ५ प्रतिशतसम्म खर्च गर्ने व्यवस्था रहेकोमा उक्त कार्यमा रु.२० लाख ४८ हजारको ५ प्रतिशतबापत रु.१०२४००.० खर्च हुनुपर्नेमा भौ.न.१८० र ६८७ बाट पालिकाभरी अनुगमन खर्चबापत रु.२०८४००.० खर्च भएको देखिएकोले कार्यविधी भन्दा रु.१०६०००.० बढी रकम संघीय संचितकोषमा शोधभर्ना हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०६,००० |

७३ **दलित लक्षित कार्यक्रम**

पालिकाको दलित लक्षित कार्यक्रमको लागि रु.६ लाख विनियोजन भएकोमा देहायका भौचरबाट निम्नानुसारको रु.५४३७३३.० खर्च भएको स्रेस्ता परिक्षण गर्दा देखिएको व्यहोरा निम्न छ:

| भौ.न.र मिति | उपभोक्ता समिति | खरिद गरेको सामाग्री | भुक्तानी रकम |
|---|---|---|---|
| ४०६-०८१।३।१३ | दलित लक्षित कार्यक्रम ग्यास सिलिण्डर लेकम ३ | २६ थान ग्यास सिलिन्डर | ९३९९९ |
| ४४६-०८१।३।१९ | दलित बस्ती टेन्ट, वर्तन पर्दा खरिद उ.स.५ | वर्तन, टेन्ट, पर्दा र कुर्सी | १००००० |
| ४६७-०८१।३।२१ | ग्यास सिलिण्डर खरिद समिति ४ | ३९ थान ग्यास सिलिन्डर | १४९९५५ |
| ४४०-०८१।३।१९ | सिलिण्डर ग्यास चुल्हो खरिद उ.स.६ | १८/१८ थान ग्यास चुल्हो र सिलिन्डर खरिद | १००००० |
| ४९७-०८१।३।२४ | दलितटोल सामाग्री खरिद २ | वर्तन, थाल गिलास, त्रिपाल | ९९७७९ |
| | | जम्मा | ५४३७३३ |

लागत अनुमान र स्वीकृत: उक्त कार्यक्रमको लागि लागत अनुमान तयार नगरी विनियोजित बजेटलाई पालिका भित्रका ६ वटा वडालाई रु.१ लाखको दरले उपभोक्ता समिति गठन गरी खर्च गरेको देखियो। उपभोक्ता समितिले पेश गरेको विलको आधारमा भुक्तानी भएको पाईयो। एउटै ग्यास सिलिण्डर तथा चुल्होको फरक फरक मूल्यमा खरिद गरेको विल पेश भएको देखियो। लक्षित वर्गको पहिचान गरी आवश्यकताको आधारमा लागत अनुमान र स्वीकृत बमोजिम पालिकाले खरिद गरी वितरण गर्नुपर्नेमा उपभोक्ता समिति बनाई वितरणमुखी कार्यक्रम गरेको देखिएकोले बास्तविक दलितले नै पाएको सुनिश्चित हुनुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४३,७३३ |

७४ **वृत्तचित्र निर्माण:**

लेकम गाउँपालिकाको विकास निर्माण तथा भावि योजनासम्बन्धमा वृत्त चित्र निर्माणबापत भौ.न.४३८-०८१।३।१९ बाट गतिशिल नेपाल व्यक्तित्व विकास प्रा.लि.दार्चुलालाई रु.४४९९९९.० भुक्तानी भएको देखियो। उक्त वृत्त चित्र निर्माणको लागि लागत अनुमान र

स्वीकृत वेगर विनियोजित बजेटलाई आधार मानी ३ वटा प्रस्ताव माग गरी परामर्श सेवा बाट कार्य गरेको पाईयो। पालिकाले यस्ता खर्चमा नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्दछ।

७५ **सेवा परामर्श:**

पालिकाले सेवा परामर्शको लागि रु.२० लाख बजेट विनियोजन गरेकोमा रु.२० लाख नै खर्च भएको स्रेस्ता परिक्षण गर्दा देखिएका बेहोरा निम्न छन:

७५.१ कार्यविधि निर्माण: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्ने व्यवस्था रहेको छ। पालिकाले स्थानीय राजपत्र, नीतिलगायतका २६ वटा कार्यविधि तयार गरेबापत भौ.न.३४३-०८१।१।२८ बाट अपि सैपाल विकास मञ्च काठमाडौलाई रु.८९३८३०.० भुक्तानी भएकोमा उक्त कार्यको लागि लागत अनुमान तयार गरेको देखिएन। पालिकाको लागि उक्त कार्यविधि तथा नीतिहरुको आवश्कताको आधार स्पष्ट देखिएन। उक्त कार्य गत आ व नै भएको उल्लेख भएको, स्रेस्ता साथ पेश भएको विजक २०८०।३।१७ को रहेको र २०८०।१२।०७ को कार्यपालिकाको निर्णय अनुसार भुक्तानी भएको पाईयो। अत: उक्त कार्य आवश्यकता तथा लागत अनुमान र स्वीकृत वेगर भुक्तानी भएको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ८,९३,८३० |

७५.२ रितपूर्वकको कर विजक: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले भौ.न.४९२-०८१।३।२४ बाट ४५ दिने कम्प्यूटर तालिम संचालनबापत न्यू चौल्वानी टेक्निकल इन्स्टिच्यूट प्रा.लि. कन्चनपुरलाई रु.२८००००.० भुक्तानी दिएको देखियो। उक्त प्रा.लि.ले पेश गरेको विजक हस्तलिखित रहेको, विजक नं उल्लेख नभएको, विजकमा छाप नभएको र PAN Search गरेर हेर्दा Non-filer रहेकोले सक्कल विजक र मु.अ.कर समायोजन पत्र पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८०,००० |

७५.३ मु.अ.कर रकम असूल हुनुपर्ने: उक्त प्रा.लि. PAN Search गरेर हेर्दा Non-filer रहेकोले मु अ कर बापत रु.३२२१२.० भुक्तानी भएकोले उक्त रकम न्यू चौल्वानी टेक्निकल इन्स्टिच्यूट प्रा.लि. कन्चनपुरबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,२१२ |

७६ **दश सैया प्राथमिक स्वास्थ्य अस्पताल**

(ठेक्का नम्बर ११/२०७७/०७८)

पालिकाले दश सैया अस्पताल निर्माण कार्यका लागि निर्माण व्यवसायी शिव शक्ति जगदम्बा यमुना जेभी संग १५ महिना भित्र निर्माण कार्य सम्पन्न हुने गरी मिति २०७८।५।२३ मा रु. ७१५००७३१।२३ मा ठेक्का सम्झौता गरेको थियो । उक्त निर्माण कार्यको लागत अनुमान रु.१०३५६१३५९।९७ । रहेकोमा मिति २०८०।४।२३ मा म्याद समाप्त भएकोमा हाल सम्म कुनै निर्माण कार्य भएको छैन । यस सम्बन्धमा देखिएको व्यहोराहरु देहायअनुसार छन् :

क) पेश्की जफत हुनुपर्ने : पालिकाले मिति २०७८ भाद्रमा रु. ७२०००००। पेश्की दिएकोमा हाल सम्म कुनै काम नगरेको हुँदा सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ११३ को नियम ६ अनुसार वार्षिक १० प्रतिशतका दरले ४ वर्षको रु.२८८००००। व्याज समेत असुल हुनु पर्दछ । पेश्की ग्यारेण्टीको म्याद २०२४ अक्टोवर ५ सम्म मात्र रहेको हुँदा जफत हुनुपर्दछ । खरिद कानुन र खरिद सम्झौता अनुसार कारवाही हुनुपर्दछ ।

ख) कार्य सम्पादन जमान : निर्माण व्यवसायीले हाल सम्म कुनै काम गरेको नपाएको र कार्य सम्पादन जमानत बापतको बैंक ग्यारेण्टी रु.

१७५६००१४। को म्याद समेत २०८०।४।२३ मा समाप्त भएको यद्यपि पालिकाले बैंक जमानत जफत गर्नका लागि कूनै पहल गरेको नदेखिएको हुँदा जिम्मेवार व्यक्तिलाई जवाफदेहि बनाई कारवाही हुनुपर्दछ । खरिद कानुन र खरिद सम्झौता अनुसार कारवाही हुनुपर्दछ ।

ग) ठेक्का म्याद थप : ठेक्का म्याद २०८०।६।२४ मा नै समाप्त भएकोमा हाल लेखापरीक्षण अवधि २०८१ भाद्र सम्म पनि म्याद थप नभएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार १० प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपुर्ति रु. ७१५००७३। असूल गरी कार्य योजना सहित थपिएको म्याद भित्र निर्माण कार्य सम्पन्न गराउनु पर्दछ । अन्यथा सार्वजनिक खरिद निमयावली, २०६४ को निमय १२७ अनुसार सम्झौताको अन्त्य गरी सरकारी हानी नोक्सानीको मूल्याङ्कन गरी सरकारी बाँकी सरह निर्माण व्यवसायीसंग भराई लिने

र नियम १४१ अनुसार कालोसूचीमा राख्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नु पर्ने देखिन्छ ।

७७ **कर कट्टा**

३।२०८०।६।८ उपभोक्ता समितिबाट प्रसुति गृह निर्माण कार्य गराउदा सम्झौता रकम रु. ५० लाख भन्दा बढि अर्थात रु. ५५ लाख भएको हुँदा आयकर ऐन, २०५८ को दफा ८८ अनुसार कुल भुक्तानी रु.३७९७७९७। को १.५ प्रतिशत अग्रीक आयकर कट्टा हुनुपर्नेमा कट्टा नगरेको हुँदा छुट हुन गएको कर रकम असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,९६७ |

७८ **उपभोक्ता समिति**

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । यस वर्ष उपभोक्ता समितिबाट सम्पादित योजनाहरु मध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ३ उपदफा २, दफा ४ उपदफा १ खण्ड ञ र दफा ४ को उपदफा १ खण्ड ट को व्यवस्था अनुसार कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु १ करोडसम्म भएको तथा स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्थाको पूर्ण पालन भएको देखिदैन । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

२) भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । उपभोक्ताबाट सम्पादित कार्य केहिमा फोटो संलग्न भएको भएतापनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र

सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

३) कामको नापजाच र हस्तान्तरणः योजनाहरुको नापी कितावमा प्राविधिक कर्मचारीको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी, प्रमुख प्रशासकिय अधिकृत र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो । उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्याकंन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानिय तहले संचालन गरेका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन । अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको एकिन गर्न सकिएन । पालिकाले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ ।

४) जनसहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । नगरपालिकाले आयोजना/कार्यक्रम कार्यान्वियन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वियन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो । उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ । कतिपय मेशिनबाट काम गर्ने कार्यको लागि उपभोक्ता समितिका विजकमा डोर हाजिरी संलग्न राखेको देखियो । कामको प्रकृती, प्राविधिक विल, उपभोक्ता समितिबाट पेश भएका प्रमाणहरु एक अर्कामा मेल भएको देखिदैन । प्राविधिक विलमा उल्लेख भएको निर्माण सामग्री बराबरको सिमेन्ट, रड, इटाको विजक नराखि डोर हाजिर भुक्तानी भएको परिमाण भन्दा बढिको राखेको देखिन्छ । यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन । पालिकाले यस सम्वन्धमा आवश्यक निति अख्तियार गर्नुपर्दछ । साथै, उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

५) सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक निर्माण, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने(विद्यालय भवनहरु), मन्दिर निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

६) बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सिक्ने अवस्था देखिएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

७) अनुगमन समितिः नगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

८) म्यादथपः पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

७९ **मालिकाअर्जुन रातमाटा हुँदै तितेकाडा सम्म खानेपानी आयोजना**

(ठेक्का नम्बर १२।२०८०।०८१)

३२।२०८१।३।२४ सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ११५ मा खरिद गरिएका मालसामानहरुको स्पेसिफिकेशन तथा गुणस्तर परिक्षण गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले मालिकाअर्जुन रातमाटा हुँदै तितेकाडा सम्म खानेपानी आयोजनाको पाइपलाईनको कार्य गर्दा चेनेजखुलाएर विस्तृत नापजाँच हुनुपर्नेमा पालिकाले एकमुष्ट करिब ३ किलोमिटर लम्बाईको एक गाउँ देखि अर्को गाउँ सम्मको दुरी उल्लेख गरी औषत गहिराई तथा चौडाई जनाई रु.२४०८४४२। खर्च लेखेको छ । आरभिटि ट्याङ्कहरुको ड्रइङ डिजाइन समेत तयार गरेको छैन । पाइपहरुको गुणस्तर परिक्षण, कम्प्रेस एण्ड स्ट्रेन्थ टेस्टिङ समेत गरेको पाइएन । यसरी विस्तृत नापजाँच नगरी खर्च लेखेको मनासिव देखिएन ।

गुणस्तर परिक्षण

९५।२०८०।१।२८ सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ११५ मा खरिद गरिएका मालसामानहरुको स्पेसिफिकेशन तथा गुणस्तर परिक्षण गर्नुपर्ने व्यहोरा उल्लेख छ । मालिकार्जुन रातमाटा तितेकाँडा खानेपानी आयोजनाका लागि पालिकाले केबि निर्माण सेवाबाट रु. ३८२६७५७। को खानेपानीको पाइप तथा फिटिङ्सहरु खरिद गरेकोमा पाइपहरुको गुणस्तर परिक्षण, कम्प्रेस एण्ड स्ट्रेन्थ टेस्टिङ समेत गरेको नपाईएको हुँदा यस्तो खरिदबाट प्राप्त खानेपानी पाइप तथा फिटिङ्सहरुको गुणस्तर सुनिश्चित हुन सकेन । यस सम्बन्धमा जिम्मेवार व्यक्तिलाई जवाफदेहि बनाउनु पर्दछ ।

८० **झोलुङ्गे पुल**

सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिको काम उपभोक्ता समितिबाट गराउन नहुने उल्लेख छ । पालिकाले देहायअनुसारका झोलुङ्गे पुल निर्माणको कार्य उपभोक्ता समितिबाट गराएको मनासिव देखिएन । साथै झोलुङ्गेपुल निर्माण कार्य सम्पन्न भए पश्चात पुलको गुणस्तर परिक्षण नगरेको हुँदा पुलको भारबहन क्षमता एकिन हुन सकेन ।

| मिति भौचर | विवरण | रकम रु. |
|---|---|---|
| १२।२०८१।१।२९ | बमनेत झोलुङ्गेपुल निर्माण योजना उपभोक्ता समिति । निर्माण कार्यको Quality Inspection and strength testing समेत भएको छैन । | ३२१७१९६ |
| १३।२०८१।१।२९ | रिठेगाड झोलुङ्गेपुल निर्माण योजना उपभोक्ता समिति । निर्माण कार्यको Quality Inspection and strength testing समेत भएको छैन । | १९८०४२४ |

८१ **ठेक्का व्यवस्थापन**

पालिकाबाट संचालित देहायअनुसारका ठेक्काहरु तोकिएको समय भित्र सम्पन्न भएको छैन । साथै कार्य प्रगति समेत न्यून रहेको देखिन्छ । ठेक्का म्याद समेत समाप्त भएको देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार पूर्वनिर्धारित क्षतिपुर्ति असूल गरी थपिएको म्याद भित्र निर्माण कार्य सम्पन्न हुनेगरी कार्ययोजना सहित ठेक्का व्यवस्थापन कार्य प्रभावकारी बनाउनु पर्दछ । यस सम्बन्धमा जिम्मेवार व्यक्ति तथा निर्माण व्यवसायीलाई जवाफदेहि बनाउनु पर्दछ ।

| ठेक्कानं. | निर्माण व्यवसायीको नाम | कामको विवरण | ठेक्का अंकभ्याट समेत | हाल सम्मको प्रगति % | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| 11/2077/078 | Shiv shakti/jagadamba/Yamuna jv | 10 bed primary hospital | 71500732 | 9.37 | 2080-06-24 |
| 12/2077/079 | Jagarti nirman sewa | Administtrative building | 51064331.9 | 63.02 | 2081-7-11 |
| 01/2080/081 | A.k. nirman sewa | Widening and structure | 8011952.33 | 33.64 | 2081-03-15 |
| 02/2080/081 | Gauri shankar nirman sewa | Track opening and structure | 2412832.5 | 76.51 | 2081-03-15 |
| LRM/W/NCB/03/2080/081 | A K Nirman sewa | Widening and structure | 6647552.7 | 27.38 | 2081-3-15 |
| LRM/W/NCB/06/2080/081 | Athola nirman sewa | Structure | 4184263.44 | 72.33 | 2081-03-15 |
| LRM/W/NCB/09/2080/081 | R.D.bulders | Track opening | 2373452 | 51.90 | 2081-03-15 |
| LRM/W/NCB/11/2080/081 | Suraj constraction | Stricture | 3849417.77 | 16.24 | 2081-03-15 |

८२ **खर्चको मापदण्ड**

८२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि उल्लेख छ । सोही निकयको उप नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात समावेश रहेनरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । देहायअनुसारका भुक्तानीहरु नियमावलीको व्यवस्था अनुरुप भएको पाइएन:

क) २५।२०८१।३।१७ शिक्षा अधिकृत केशव राज ओझाले पेश्की लिएर विद्यालय समायोजन तथा व्यवस्थापन खर्च बापत १८ जनाले पालिका भित्रका ४७ विद्यालयहरुको स्थलगत अनुगमन गरेको जनाई रु. ५८५०००। अनुगमन भत्ता रु. ४०३०००। सहभागी भत्ता रु. १३१४२०। खाना खाजा खर्च खर्च लेखेको छ । कार्यक्रम खर्च अन्तर्गत तथ्याङ्क संकलन खर्च बापत रु. ४००००। र स्टेशनरी खर्च बापत रु. १०६००। खर्च लेखेको छ । यस्ता कार्यक्रम गर्दा पालिका भित्रका सम्पुर्ण विद्यालयको संख्या दुरी शिक्षकको संख्या विद्यार्थी संख्या सबै विवरण शिक्षा शाखामा हुने हुँदा यतिका धेरै सहभागी गराई अनुगमन खर्च लेखेको औचित्य पुष्टि हुन सकेन । कार्यक्रमको मूख्य उदेश्यमा भन्दा पनि भत्तामुखी खर्च भएको हुँदा यस्तो खर्चलाई पुष्टि गर्ने प्रमाण पेश गर्नु पर्ने रु. ११७००२०

ख) ३।२०८०।६।२४ सिद्धबाबा भेट सेन्टरबाट रु. ३९४३७७। लम्पी रोग नियन्त्रणको औषधी रु. २०००००। को रेविज नियन्त्रणको औषधी र रु. ३०००००। को परजिवि नियन्त्रणको औषधी खरिद गरेकोमा उक्त औषधीको वितरण तथा उपयोग भएको भरपाई र मौज्दातको स्पष्ट तथ्याङ्क पेश भएको छैन । खरिद गरेको परिमाण मध्ये कहाँ कसलाई कति परिमाण वितरण भएको हो, लाभ ग्राहीको ठेगाना, सम्पर्क नम्बर, पशु संख्या खुल्ने स्पष्ट विवरण नामनामेसी सहितको वितरण भरपाई र वर्षान्तमा प्रत्येक औषधीको केकति परिमाण मौज्दात बाँकी रहेको छ, पालिकाले एकिन गरेको विवरण सहित प्रतिवेदन पेश गर्नु पर्ने रु. ८९४३७७

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,६४,३९७ |

८२.२

२६।२०८१।३।१८आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि उल्लेख छ । सोही निकयको उप नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात समावेश रहेनरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । श्री कृष्ण स्नातक क्याम्पस लालीलाई कार्यविधि बेगर संचालन खर्च बापत रु. ७५००००। अनुदान दिएको छ । क्याम्पसले सो अनुदानबाट उप प्राध्यापक र लेखापालको पारिश्रमिक भुक्तानी गरेको भरपाई पेश गरेको छ । स्पष्ट प्रयोजन खुलाई खर्चको मापदण्ड तोकेर कार्यविधि अनुसार अनुदान वितरण गर्नु पर्दछ । कार्यविधि र खर्चको मापदण्ड बेगर अनुदान वितरण गरेको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | ७,५०,००० |

## ८३ विस्तृत नापजाँच

८३.१ १४३।२०८०।९।१७ सार्वजनिक खरिद निमयावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँचका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले विविध खर्चबाट निर्माण व्यवसायी हुनौनाथ निर्माण सेवालाई बगौरा मानविसा सडक खण्डको सडक मर्मत तथा निर्माण सम्बन्धी कार्य गराएको जनाई रु. २१३६९७८। भुक्तानी गरेको छ । सडक कटिङ तथा फिलिङ सम्बन्धी कार्यको विस्तृत विवरण खुल्ने Cross section drawing तयार नगरी प्राविधिक नापजाँचका आधारमा खर्च भुक्तानी गरेको हुँदा यस्तो कार्यको प्राविधिक पुष्ट्याई हुन सकेन । सडकको चेनेज खुलाए पनि सडक निर्माण शुरु र अन्तिम बिन्दु खुल्ने स्पष्ट ठाँउको नाम तथा GPS नखुलाएको कारण सडकको Exact Location Trace हुन सकेन । यस्तो अवस्थामा आयोजनाहरुमा Overlapping and duplication हुन सक्ने तर्फ पालिका सजक हुनुपर्ने देखिन्छ । १४१०८ घन मिटर सडक तथा नाला खनेको जनाई रु. २१३६९७८ भुक्तानी गरेको छ । यस्ता निर्माण कार्यको यथेष्ट प्राविधिक पुष्ट्याई, स्थलगत अनुगमन निरीक्षण प्रतिवेदन राय ठहर सहित काममा दोहोरोपना नभएको सुनिश्चित गरी खर्चको भुक्तानी गर्नु पर्दछ ।

८३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उप नियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कार्यको Re-bar work मा spacing नखुलाएको, Earth work सम्बन्धी कार्यको Ground level खुल्ने विवरण उल्लेख नगरेको, Gabion Works कुन ठाँउमा गरेको चेनेजको शुरुवात बिन्दु कुन ठाँउमा हो उल्लेख नगरेको हुँदा निर्माण कार्यको परिमाण एकिन गर्न सकिएन । कार्यालयले ड्रइङ डिजाईनमा ग्राउण्ड लेभल समेत उल्लेख नगरी खर्च लेखेकोले कार्यालयले एकिन गर्नुपर्दछ । Earthwork excavation, Road way excavation को कार्य गर्दा Ground Level देखि तल कति कटान गर्ने¸फिलिङ गर्ने हो सो नखुलेको Cutting र filling को परिमाण एकिन गर्न सकिएन ।Earthwork excavation, Site development, back filling embankment लगायतको कार्य ठुलो परिमाणको कार्य गर्दा Cross section drawing समावेश नगरेकोले परिमाण एकिन गर्न सकिएन । Masonry wall, Earthwork, Road लगायतको कार्य गर्दा Breath र Height Average मा राखेको जवाफ प्राप्त भएपनि नापी कितावमा उल्लेख नगरेकोले कति Size र Number को Sample Data प्रयोग गरी Average उल्लेख नगरेकोले परिमाण एकिन गर्न सकिएन ।RCC को निर्माण कार्य गर्दा Bar Bending Schedule तयार गरेको छैन । डण्डीको Spacing कति को फरकमा राख्ने हो सो खुलाएको छैन ।यस सम्बन्धमा जिम्मेवार व्यक्ति जवाफदेहि हुनुपर्दछ । केहि उदाहरणहरु देहायअनुसार छन् :

| ठेक्का | विवरण | परिमाण | दर | रकम रु. |
|---|---|---|---|---|
| प्रशासकीय भवन निर्माण<br>निर्माण व्यवसायी जागृती निर्माण सेवा | Earthwork को कार्य ड्रइङ तयार गरेको छैन । त्यसैगरी Ground Level बाट कति गहिराई र Slope मा माटो कटिङको कार्य गरेको एकिन भएन । | ५२०९ | १६९.५ | ८८२९२६ |
| | डण्डीको कार्यको परिमाण खुल्ने Bar bending schedule तयार गरेको छैन । साथै डण्डीको spacing समेत नखुलाएको छैन । | ५५८९० | १४६।९ | ८२१०२४१ |
| चौपता पिड गोगना सडक<br>निर्माण व्यवसायी जय गौरी शंकर निर्माण सेवा | ग्याबिन बक्सको कार्यमा त्यसको ड्रइङ डिजाइन तयार नगरी, कुन चेनेजबाट कहाँ सम्म कार्य गरेको खुल्ने स्पष्ट विवरण उल्लेख छैन । | २४० | ३३९० | ८१३६०० |
| | Cross section drawing and design तयार नगरी कुन चेनेजबाट कहाँ सम्म कार्य गरेको खुल्ने स्पष्ट विवरण उल्लेख नगरी सडक निर्माण कार्यको भुक्तानी गरेको छ । | ४२६७७ | ५६।५ | २४११२५० |
| टकना खरकडा बचपाली सडक निर्माण निर्माण व्यवसायी एके निर्माण सेवा | Cross section drawing and design तयार नगरी कुन चेनेजबाट कहाँ सम्म कार्य गरेको खुल्ने स्पष्ट विवरण उल्लेख नगरी सडक निर्माण कार्यको भुक्तानी गरेको । साविकको सडको स्थिति र थप नयाँ कार्यको अवस्था खुल्ने ड्रइङ खुलाएको छैन । | २०१३५ | ९०।४ | १८२०२०४ |
| तलौरा सडक ट्याक खोल्ने कार्य<br>निर्माण व्यवसायी आर डि विल्डर्स | सडक ट्याक खोल्ने तथा नाला निर्माण कार्यको<br>Cross section drawing and design तयार नगरी कुन चेनेजबाट कहाँ सम्म कार्य गरेको खुल्ने स्पष्ट विवरण उल्लेख नगरी सडक निर्माण कार्यको भुक्तानी गरेको छ । | ३५५०० | ६५।५४ | २३२६६७० |
| तलौरा सडक ट्याक खोल्ने कार्य<br>निर्माण व्यवसायी आर डि विल्डर्स | सडक ट्याक खोल्ने तथा नाला निर्माण कार्यको<br>Cross section drawing and design तयार नगरी कुन बिन्दुबाट चेनेज शुरु भै कहाँ सम्म कार्य गरेको खुल्ने स्पष्ट विवरण उल्लेख नगरी सडक निर्माण कार्यको भुक्तानी गरेको छ । | ९२३८ | १३३।३४ | १२३१७९४ |
| गोकुले लाली सडक निर्माण कार्य<br>निर्माण व्यवसायी अन्थोला अर्डर एण्ड सप्लायर्स | ग्याबिन वर्क सम्बन्धी कार्यको drawing and design तयार नगरी चेनेज नखुलाई खर्च लेखेको छ । | ३८८ | २७४५।९ | १०६५४०९ |
| | वोल्डर मिक्स प्लम वर्कको drawing and design तयार नगरी चेनेज नखुलाई खर्च लेखेको छ । | २६४ | ६३२१।६७ | १६६८९२१ |
| | होम पाइप जडान खर्च लेखेकोमा कुन ठाउँमा कुन चेनेजमा जडान गरेको एकिन हुन सकेन । | १५ | १८३०६ | २७४५९० |
| टकना खरकडा बचपाली सडक फराकिलो पार्ने कार्य । निर्माण व्यवसायी हुनै नाथ रानीवांश निर्माण सेवा प्रालि | ग्याबिन वर्क सम्बन्धी कार्यको drawing and design तयार नगरी चेनेज नखुलाई खर्च लेखेको छ । | २००।५ | ४३२५।६४ | ८६७२९० |
| | प्लम वर्क सम्बन्धी कार्यमा drawing and design तयार नगरी चेनेज नखुलाई खर्च लेखेको छ। | ३६१।८६ | ५९९६।९१ | २१७००४१ |
| मानबिसा देखि बुढाकोट बचपाली बुढीगाढ लाली सडक निर्माण कार्य | ग्याबिन वर्क सम्बन्धी कार्यको drawing and design तयार नगरी चेनेज नखुलाई खर्च लेखेको छ । | ३०४ | ३७२।९ | ११३३६१ |
| लाली दलित टोल भल निकास सम्बन्धी निर्माण कार्य । निर्माण व्यवसायी सुरज कन्स्ट्रक्सन | म्यासोनरी वर्क कार्यको ड्रइङ तयार नगरी खर्चको भुक्तानी गरेको छ । | ६०।११ | ५०८५ | ३०५६५९ |

| | | | | |
|---|---|---|---|---|
| शेरा रतौडा लाली सडक खण्ड निर्माण कार्य | उपभोक्ता समितिबाट भएको कार्यमा सडक तथा नाला निर्माण कार्यमा ड्रइङ तयार नगरी कुन चेनेजबाट कहाँ सम्म कार्य गरेको खुल्ने स्पष्ट विवरण उल्लेख गरेको छैन। | १८२२३ | १३६।५५ | २४८८३५० |
| दुर्कडा देखि गराडी हुँदै रातमाटा जाने सडक निर्माण उपभोक्ता समिति | सडक तथा नाला निर्माण कार्यमा ड्रइङ तयार नगरी कुन चेनेजबाट कहाँ सम्म कार्य गरेको खुल्ने विवरण उल्लेख छैन । | १४१०८ | १४३।५८ | २०२५६२६ |

८३.३ सार्वजनिक खरिद निमयावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँचका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले देहायअनुसारका निर्माण सम्बन्धी कार्य उपभोक्ता समितिबाट गराएकोकामा निर्माण कार्यको ड्रइङ तथा डिजाइन तयार नगरी काम गराएको हुँदा उक्त त्यस्ता संरचना पालिकाको आवश्यकताअनुरुप भए नभएको एकिन हुन सकेन । यसरी प्रस्तावित निर्माण कार्यको ड्रइङ डिजाइन तयार नगरी काम गराएको हुँदा यस्ता निर्माण कार्यहरुको प्राविधिक पुष्ट्याई हुन सकेन । केही उदाहरणहरु देहायअनुसार छन् :

| मिति भौचर | विवरण | रकम रु. |
|---|---|---|
| ८९।२०८१।१।२७ | सिरोडा सामुदायिक भवन निर्माण उपभोक्ता समितिले भवन निर्माण कार्यको ड्रइङ तथा डिजाइन तयार नगरी निर्माण कार्य गरेको जनाई रु. ६४९२८२ गरेको छ । | ६४९२८२ |
| २३।२०८१।३।६ | प्रदेशबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत अधुरो प्रसुति गृह भवन निर्माण उपभोक्ता समितिले भवन निर्माण कार्यको ड्रइङ तथा डिजाइन तयार नगरी निर्माण कार्य गरेको छ । | ६५९२१२ |
| ५८।२०८१।३।२४ | श्री गल्ला केदार मावि खरकडामा शौचालय निर्माण कार्यको ड्रइङ तथा डिजाइन तयार नगरी निर्माण कार्य गरेको छ । | ६१३३४२ |

८३.४ सार्वजनिक खरिद निमयावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँचका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ । कुन कुन ठाँउमा, के कति कामका लागि, कति समय सडक सफा गरेको हो त्यसको विस्तृत विवरण तयार नगरी जेशिबि संचालनको लगबुक तयार गरी मेशिन संचालन घण्टाको हिसावले विल भुक्तानी गरेको छ । खर्चको यथेष्ट पुष्ट्याई हुने विस्तृत विवरण सहित स्रेस्ता राख्नु पर्दछ । केही उदाहरणहरु देहायअनुसार छन् :

| मिति भौचर | विवरण | रकम रु. |
|---|---|---|
| १८।२०८१।२।२६ | पालिकाले कोटेशनबाट गंगेश्वर वेताल निर्माण सेवा प्रालिलाई गोकुले देखि लाली सडक खण्डका विभिन्न ठाँउहरुमा ३९० घण्टा सडक सफा गरेको जनाई रु ४४४१। का दरले भुक्तानी गरेको छ । | ६६२४१९ |
| १४१।२०८०।९।१७ | मानविशा देखि लालीपुल सम्मको सडकको विभिन्न ठाँउमा बाटो मर्मत कार्य गरेको जनाई कोटेशनबाट निर्माण व्यवसायी हुनैनाथ निर्माण सेवालाई १६४.६ घण्टा जेसिवि चलाएको जनाई रु. ४२९५का दरले भुक्तानी गरेको छ। | ७९८८६१ |

८४ **प्राविधिक पुष्ट्याई**

सार्वजनिक खरिद निमयावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँचका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले लटिनाथ नमुना विद्यालय भवन निर्माण कार्यमा डण्डीको कार्यको परिमाण खुल्ने Bar bending schedule तयार गरेको छैन

। डण्डीको spacing समेत नखुलाएको छैन । पिसिसि वर्कको २.१ प्रतिशत मूल्य बराबर डण्डीको भुक्तानी गरेको जनाई स्पष्ट नर्म्स बेगर डण्डिको भुक्तानी गरेको मनासिव देखिएन । यस्तो खर्चको प्राविधिक पुष्ट्याई हुनुपर्दछ ।

८५ **चौपता पिड गोगना सडक**

(ठेक्का नम्बर ८।२०८०।०८१)

सार्वजनिक खरिद निमयावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँचका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले ठेक्का अवधी : मिति २०८०।११।१० देखि २०८१।२।१५ हुनेगरी चौपता पिड गोगना सडक निर्माण कार्यका लागि शुरुमा ठेक्का नम्बर २।२०८०।०८१ कार्यानव्यनको अवस्थामा रहेको बखत सोही प्रकृतिको कामका लागि पुन अर्को ठेक्का लगाएको मनासिव देखिएन । शरुको ठेक्का लागत अनुमानको तुलनामा न्यूनमा लागेको कारण बाँकी सशर्बत जेटबाट खर्च गर्नका लागि शुरुको ठेक्काबाट काम भएकै सडक खण्डमा काम गर्ने गरी पुन अर्को ठेक्का नम्बर ८।२०८०।०८१, कबोल अंक : रु. ११५२६००; मा शुरुको ठेक्काको निर्माण व्यवसायी पवन निर्माण सेवालेनै वोलपत्रबाट प्राप्त गरेको देखिन्छ । यसरी एकै ठाँउमा एक भन्दा बढि ठेक्का संचालन भएको पाइएको हुँदा काममा दोहोरो पर्न सक्ने देखियो । निर्माण कार्यको शुरुवाति चेनेज नम्बरसंगै GPS लगाएतको थप विविरण खुल्ने व्यहोरा उल्लेख नभएको हुँदा निर्माण कार्यमा दोहोरो भुक्तानी हुन सक्ने देखिएको हुँदा कार्यालयले एकिन गरी राय सहित प्राविधिक पुष्ट्याँई पेश गर्नुपर्दछ रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,५२,६०० |

८६ **क्षतिपुर्ति**

८३।२०८१।१।२७ संघीय सरकारबाट सञ्चालित चमेलिया खानेपानी आयोजना प्रभावितहरुले आन्दोलन गरेको जनाई पालिकाले आफ्नो गाउँपालिका पूँजीगत खर्च शिर्षकबाट २ जना व्यक्ती अर्जुन देव भट्ट र हरि दत्त भट्टलाई जनही रु. ३ लाखका दरले कुल रु. ६ लाख क्षतिपुर्ति भुक्तानी गरेको छ । केकस्तो आन्दोलन भएको हो त्यसको प्रहरी मुचुल्का तयार गरेको छैन । आयोजना प्रभावित केकति जना स्थानीयहरु हो त्यसको लगत तयार नगरी आन्दोलनकारीको प्रतिनिधिहरु २ जना रहेको जनाई यथेष्ट प्रमाण बेगर, जग्गा अधिग्रहण नगरी, संघीय आयोजनाका प्रभावितहरुलाई पालिकाको आफ्नो बजेटबाट क्षतिपुर्ति दिदा दोहोरो पर्न सक्ने देखिन्छ । यसरी जग्गा अधिग्रहण नगरी जग्गा धनिको लगत कायम नगरी प्रहरी मुचुल्का तयार नगरी रु. ६०००००।क्षतिपुर्ति दिएको मनासिव देखिएन ।

८७ **राजस्व आन्तरिक नियन्त्रण**

८७.१ **लगत अद्यावधिक गरी नराखेकोः** पालिकाले राजस्व बक्यौताको अभिलेखहरुको अद्यावधिक गरी राखेको देखिएन । अभिलेख नरहेकोले गत विगतमा के कति राजस्व बक्यौता रहेको विषयमा यकीन हुन सकिएन । पालिकाले गत विगतसहितको राजस्व बक्यौता अभिलेख अद्यावधिक गरी राजस्वको अभिलेख चुस्त दुरुस्त बनाउनुपर्दछ ।

८७.२ **म ले प फारमको प्रयोग नभएकोः** राजश्व आम्दानी गर्ने कार्यालयहरुले तोकिएका मलेप फारमहरु प्रयोग गर्नुपर्दछ ।राजश्व तर्फ मलेप फारमहरु १०१ देखि ११५ सम्म तोकिएका छन ।जस अनुसार दैनिक राजश्व/आम्दानी खाता १०२, गोश्वारा भौचर १०३, राजश्व आम्दानिको शीर्षगत खाता १०४, राजश्व आम्दानीको गोश्वारा खाता १०५, राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता १०६, राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता १०७, राजश्व आम्दानी बैंक नगदी किताब १०८, राजश्वको बैंक हिसाब मिलान विवरण १०९, राजश्व आम्दानीको आर्थिक विवरण/फाँटवारी ११०, करदाताको लगत १११, करदाताको गोश्वारा लगत फारम ११२, राजश्व आम्दानीको लगत र असुली प्रतिवेदन ११३, राजस्व आम्दानीको केन्द्रिय अभिलेख खाता ११४ र कोष अवस्थाको मासिक विवरण ११५ छन् ।राजस्व आम्दानी गर्ने पालिका र वडा कार्यालयहरुको उपरोक्त फारमहरु प्रयोग गरेको पाइएन । फारमहरु प्रयोग नभएकोले रसिदबाट प्राप्त भएको आम्दानीको यकिन हुन सकिनए ।तोकिएको मलेप फारम नं हरु प्रयोग गरी आम्दानीको अभिलेख चुस्त र दुरुस्त राख्नुपर्दछ ।

८७.३ **रसिद नियन्त्रण खाताः** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । जिन्सीबाट वडालाई नगदी रसिद कति दिएको तथा कति रसिद पालिकामा बुझाएको सोको अभिलेख पालिकामा भएको देखिएन । बाँकी के कति छन यकीन गर्न सकिएन । यसले वडाको आम्दानी यथार्थ मान्न सकिने आधार देखिएन । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन हुनुपर्दछ ।अतः कार्यालयले आगामी दिनमा रसिद प्रयोग निरुत्साहित गर्दै सफ्टवेयरबाट राजश्व असुली गर्नेतर्फ ध्यानदिदैं राजश्व असूली सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

## ८८ कर असुली

८८.१ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.५७१००.०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्।पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

८८.२ **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन ।हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

८८.३ **पर्यटन शुल्कः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्गालय जस्ता सम्पदा उपयोगको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने पर्यटन कर एकिन गरी असुल गर्नुपर्दछ ।

८८.४ **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

## ८९ राजश्व दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यलयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। एम्बुलेन्स चालक श्री धर्मनन्द पन्त ले विभिन्न मितिमा पालिकाबाट बुझिलिई लेखापरीक्षणका क्रममा पेश गरेका नगदी रसिद जोडजम्मा गर्दा एम्बुलेन्स वापत् शुल्क रु १,७८,५०० हुन गएकोमा निजले आव २०८०।०८१ मा रु ७५५०० र रु ३९००० मिति २०८१।०५।०७ गते गरी हाल सम्म जम्मा रु ११४५०० मात्र दाखिला गरेको देखिएकोले दाखिला बाँकी रु ६४००० असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,००० |

## ९० यन्त्र उपकरण सञ्चालन

पालिकामा एउटा सानो र एउटा ठूलो गरी २ वटा एक्साभेटर र एउटा एम्बुलेन्स रहेको जानकारीमा आयो । उक्त एक्साभेटर र एम्बुलेन्समा भएको इन्धन, मर्मत लगायत अन्य खर्चको स्पष्ट अभिलेख राखिएको छैन् । मेशिनहरु पालिकाका पदाधिकारी तथा कर्मचारीको मौखिक निर्देशनमा समेत सञ्चालन हुने गरेको पाइयो । एक्साभेटर र एम्बुलेन्सको कार्यविधि तयार भए पनि सो को पूर्ण

कार्यान्वियन भएको पाइएन् । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था समेत रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राखु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| क्रस | सामानको विवरण | इन्धन लागत | मर्मत लागत | जनशक्ति परिमाण | आय रकम |
|---|---|---|---|---|---|
| १ | एक्जाभेटर १ थान | ३०६७६१२ | १३८६७५८ | ३ | १५७१२ |
| २ | ब्याकहो लोडर १ थान | २०००००० | ४७३९२९ | २ | नभएको |
| ३ | एम्बुलेन्स १ थान | नखुलेको | २७६८५२ | १ | १७८५०० |
| ४ | स्कार्पियो २ थान | २४२५७३ | ९५०९१९ | २ | नभएको |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : लेकम गाउँपालिका, दार्चुला , लेकम गाउँपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अर्जुन सुवेदी | २०७९-११-२८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | mamata bist | २०७६-९-१३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३४६,३७५ | ९,४४५,६४२ | ११,१२१,९३१ | ० | ० | २,८४५,३५४ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २३,७५९,३०२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ७२५,४५२ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २३,०३३,८५० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४६५७७५९१.३४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४२११४९१० | चालु खर्च | ३२३४७७९७०.९ |
| प्रदेश सरकारबाट अनुदान | २४२६२८२६ | पूँजीगत खर्च | १०३४१२१९२ |
| राजश्व बाँडफाँट | ६०४४८९२७.४१ | वित्तीय/अन्य व्यवस्था | ११६३८४६६७.९ |
| आन्तरिक आय | २२८३०९१.० | | |
| अन्य आय | ८९७४७७१०.९८ | | |
| कुल आय | ५१८८५७४६५.३९ | कुल खर्च | ५४३२७४८३०.८ |
| बाँकी मौज्दात | | २२१६०२२५.९३ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।